PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

लागूऔषधरहित परिवारः स्वस्थ जीवनको आधार
- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❖ वर्ष ३६ ❖ २०७९ कात्तिक २४ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 10 Thursday ❖ मूल्य ५/-❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७२

## बारामा एक र पर्सामा तीनजना महिला प्रत्यक्षबाट उम्मेदवार

प्रस, वीरगंज, २३ कात्तिक/

बारामा एकजना र पर्सामा तीनजना महिला प्रत्यक्षतर्फको निर्वाचनमा उम्मेदवार छन् ।



ज्वाला साह — करीमा बेगम — डा मधु गुप्ता कुर्मी — शेख चाँदतारा

बारा क्षेत्र नं ३ बाट एमाले–जसपा गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका लागि एमालेकी ज्वाला साह चुनावी मैदानमा छिन् ।

बाराको यो क्षेत्रबाहेक कुनै पनि क्षेत्रमा दुवै गठबन्धनले महिला उम्मेदवार खडा गरेका छैनन् । साह एमाले पोलिटब्युरो सदस्य पनि हुन् ।

साह २०७४ सालमा प्रदेशसभा सदस्यमा माओवादी केन्द्रबाट निर्वाचित भएकी थिइन् । नेकपा विभाजित भएपछि उनी एमालेमा रहेपछि उनलाई माओवादी केन्द्रले निष्कासित गरेको थियो र उनको प्रदेशसभा सदस्यको पद पनि गुमेको थियो । त्यसपछि एमाले सरकारमा साह साढे चार महीना भूमिसुधार राज्यमन्त्री र ४५ दिन पर्यटन राज्यमन्त्री तथा १३ दिन कृषिमन्त्री भएकी थिइन् । बारा क्षेत्र नं ३ (१) बाट निर्वाचित साह अहिले प्रतिनिधिसभा सदस्यमा चुनाव लडिरहेकी छन् । उनको प्रतिस्पर्धा एमाले–जसपा गठबन्धनमा रहेको जसपाका रामबाबू यादव र वाम लोकतान्त्रिक गठबन्धनबाट लोसपाका लालबाबू सिंहसँग छ ।

पर्सामा प्रत्यक्षतर्फ जसपाबाट बागी करीमा बेगम पर्सा क्षेत्र नं २ (२)बाट प्रदेशसभा सदस्यमा स्वतन्त्र उम्मेदवार भएर चुनाव लडिरहेकी छन् । पार्टीले टिकट नदिएपछि उनले स्वतन्त्र उम्मेदवारी दिएकी हुन् । यसअघि उनी मधेस प्रदेशमा जसपाबाट समानुपातिक सदस्य थिइन् । त्यसअघि तत्कालीन मधेसी जनअधिकार फोरमबाट २०६४ सालमा पर्सा क्षेत्र नं १ बाट सांसदमा जितेर कृषि राज्यमन्त्री पनि भएकी थिइन् ।

पर्सा क्षेत्र नं ३ (२)मा जसपाबाट डा मधु गुप्ता कुर्मी प्रदेशसभा सदस्यमा चुनाव लडिरहेकी छन् । यसअघि उनी चिकित्सा सेवामा थिइन् । उनका पिता हरिनारायण रौनियार जसपाबाट सोही क्षेत्रबाट २०७४ सालको चुनावमा सङ्घीय सांसदमा जितेका थिए । तर उनीविरुद्ध अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेकोले निर्वाचनमा सहभागी हुन योग्य नभएका कारण उनकी छोरी डा मधु चुनावी मैदानमा होमिएकी हुन् ।

यसैगरी, पर्सा क्षेत्र नं ४ (२)बाट माओवादी केन्द्रकी शेख चाँदतारा प्रदेशसभा सदस्यमा उम्मेदवार छिन् । उनी यसअघि सोही पार्टीबाट समानुपातिक सांसद थिइन् भने त्यसअघि राष्ट्रिय महिला आयोगकी अध्यक्ष पनि थिइन् । प्रत्यक्ष निर्वाचनमा उनको पहिलो सहभागिता हो । वाम लोकतान्त्रिक गठबन्धनबाट उनको उम्मेदवारी परेको हो ।




## ६३ वटा मतदानस्थल अतिसंवेदनशील

## निर्वाचनका लागि ३३ सय कर्मचारी खटाइयो

नितेश कर्ण, वीरगंज, २३ कात्तिक/

पर्सा जिल्लाका १६७ वटा मतदानस्थलमध्ये ६३ वटा मतदानस्थल अतिसंवेदनशील सूचीमा राखिएका छन् । जिल्ला सुरक्षा समितिको अनुगमनपछि ६३ वटा मतदानस्थललाई अतिसंवेदनशील, ८५ वटा संवेदनशील र १९ वटा सामान्य संवेदनशीलमा सूचीकृति गरिएको सशस्त्र प्रहरीका सूचना अधिकारी एवं सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेतले बताए । पर्सा जिल्लामा १६७ वटा मतदानस्थलमा ४८५ वटा मतदान केन्द्र छन् । जिल्लाको क्षेत्र नं १ (१) मा २२ वटा मतदानस्थलमा ४५ वटा मतदान केन्द्र छन् । यसैगरी, १ (२) मा १२ वटा मतदानस्थलमा ४३ वटा मतदान केन्द्र छन् भने क्षेत्र नं २ (१) मा २१ वटा मतदानस्थलमा ५२ वटा मतदान केन्द्र र २ (२) मा १७ वटा मतदास्थलमा ५१ वटा मतदान केन्द्र छन् । यसैगरी, क्षेत्र नं ३ (१) मा २२ वटा मतदानस्थलमा ५१ वटा मतदान केन्द्र, ३ (२) मा २५ वटा मतदानस्थलमा ५८ वटा मतदान केन्द्र छन् । यसैगरी, क्षेत्र नं ४ (१)मा २५ वटा मतदानस्थलमा ५५ वटा मतदान केन्द्र र क्षेत्र ४ (२)मा २३ वटा मतदानस्थलमा ५७ वटा मतदान केन्द्र छन् ।



सुरक्षागस्तीमा खटिएका म्यादी प्रहरी । तस्वीरः रासस

जिल्ला निर्वाचन कार्यालय, पर्साकी प्रमुख निर्वाचन अधिकृत रञ्जीता झाले पर्सा जिल्लामा स्वयंसेवक/सेविकाबाहेक तीन हजार ३०० जना कर्मचारी निर्वाचन परियोजनका लागि खटिएका छन् ।

## शीर्ष नेताको वीरगंजमा आगमन भएन

## सबै दलका नेताहरू आफ्नै क्षेत्रको घरदैलोमा व्यस्त

प्रस, वीरगंज, २३ कात्तिक/

निर्वाचन आयोगले कात्तिक १८ गतेदेखि चुनाव प्रचारप्रसारको लागि जनसभा, आमसभा, भेला, सम्मेलन जस्ता कार्यहरू आचारसंहिताको पालना गरी गर्न निर्देश गरे पनि पर्सा जिल्लामा दलका र स्वतन्त्र उम्मेदवारहरूले भने अहिलेसम्म मतदाताहरूको घरदैलो कार्यक्रमलाई मात्र निरन्तरता दिइरहेका छन् ।



निषेध गरिएको बखत विभिन्न बहानामा सभा, भेला, सम्मेलन गरेका उम्मेदवारहरूले अहिले अवसर पाउँदा भने घरदैलोलाई नै प्राथमिकतामा राखेका छन् । एकाध उम्मेदवारबाहेक सभा, सम्मेलन गरिएको छैन । यसपटकको चुनावमा दलका शीर्ष नेताहरू आएर आमसभा पनि गरेका छैनन् । नेपाली काङ्ग्रेसका नेता डा प्रकाशशरण महत मात्र वीरगंजमा वाम लोकतान्त्रिक गठबन्धनको अनुगमन गर्न आएर पत्रकार सम्मेलन गरेर फर्किए ।



राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने पर्सागढीमा पुगेर घरदैलो र कोणसभा गरेर फर्के । यी दुईजनाबाहेक अहिलेसम्म केन्द्रीयस्तरका नेताहरू आएका छैनन् । स्थानीय तहका नेताहरू आआफ्नो निर्वाचन क्षेत्रमा रुमलिएका छन् ।

स्थानीय तहमा पनि विभिन्न राजनीतिक दलको ओहदामा बसेका नेताहरूले जिल्लाका अन्य क्षेत्रमा पुगेर सभा, सम्मेलन गर्न भ्याएका छैनन् र आफ्नै क्षेत्रमा घरदैलो गरेर मतदाता आकर्षित गरिरहेका छन् ।



यसैबीच, पर्सा क्षेत्र नं १ बाट वाम लोकतान्त्रिक गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार लोसपाका लक्ष्मणलाल कर्ण र क्षेत्र नं १ (१)बाट प्रदेशसभा सदस्यका उम्मेदवार नेकाका रामनारायण कुर्मीले बुधवार वीरगंज महानगर–१६ नगवामा घरदैलो गरेका छन् । उनीहरूले आगामी सरकार पाँच दलीय गठबन्धनको हुने दाबी गर्दै मतदाताहरूलाई मतदान गर्न आग्रह गरे । क्षेत्रको विकासका लागि वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारहरू अन्य उम्मेदवारको तुलनामा मजबूत भएको भन्दै आफूहरूलाई मतदान गर्न आग्रह गरे ।

यसैगरी, वाम लोकतान्त्रिक गठबन्धनबाट पर्सा क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेकाका अजयकुमार चौरसिया र सोही क्षेत्रको (१) बाट प्रदेशसभा सदस्यका उम्मेदवार नेकाका श्याम पटेलले वीरगंज महानगर–२९ को मुसहरीटोला र पर्सागढी नपा–१ को भटनीटोलामा बुधवार घरदैलो गरेका छन् ।

यसैगरी, पर्सा क्षेत्र नं १ बाट एमाले–जसपा गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार जसपाका प्रदीप यादव र सोही क्षेत्रको २ बाट प्रदेशसभा सदस्यका उम्मेदवार लालबाबू राउत गद्दीले बुधवार वीरगंज महानगर–११ श्रीपुरमा घरदैलो गरेका छन् । यादव मनोनयनपत्र दर्ता गर्दासम्म वन तथा वातावरणमन्त्री थिए भने गद्दी अहिलेसम्म बहालवाला मधेस प्रदेशका मुख्यमन्त्री हुन् । दुवैजना आफ्नो क्षेत्रका मतदाता रिझाउनमा यति विघ्न व्यस्त छन् कि बिहान, दिउँसो, साँझ, राति घरदैलो गरिरहेका छन् ।





आज श्रीपुरमा मतदातासँगको भेटघाटमा प्रतिनिधिसभा सदस्य उम्मेदवार यादवले विकास र जनताको सेवा नै आफ्नो मूल मुद्दा विगतमा पनि रहेको र आगामी दिनमा पनि रहने बताए । उनले पाँच वर्षको कार्यकालमा आफूले यिनै दुईवटा मुद्दामा ध्यान केन्द्रित गरी जनतामाझ रहेको र फेरि अवसर पाए यिनै मुद्दाका साथ अगाडि बढ्ने प्रतिबद्धता जाहेर गरे ।

मतदातासँगको कुराकानीमा उम्मेदवार यादवले मधेस र मधेसका जनताको पहिचान, अधिकार र आत्मसम्मान जसपाकै कारण प्राप्त भएको ठोकुवा गर्दै नागरिकतालगायत केही मुद्दा अझै सम्बोधन हुन बाँकी रहेको र ती पूरा गराउन फेरि जसपाले अवसर पाउनुपर्ने बताए ।

यसैगरी, यही क्षेत्रबाट प्रतिनिधिसभा

(बाँकी अन्तिम पातामा)

## विचारसार एवं सूक्तिहरू

**रिस उठ्दा मौन रहौं र गलती गर्दा निहुरौं, दुनियाँको सबै समस्या आपसेआप समाधान हुन्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# बेइमानलाई छाटौं

**राजनीतिक दल तथा उम्मेदवारहरू मतदाताको घरदैलोमा पुगिरहेका छन् । गाउँ, नगर तथा महानगरहरूमा धेरै टोल, हरेक टोलका बासिन्दा चुनावको क्रममा उम्मेदवारहरू आफ्ना गाउँटोलमा प्रचारप्रसारका लागि आए/नआएको सूक्ष्मरूपले बुझिरहेका हुन्छन् । "नजीकको टोलमा आएर मेरो टोलमा चाहिँ उम्मेदवार किन आएन ।" एउटा उम्मेदवार नपुगे अर्को पुग्ने उम्मेदवारतर्फ मतदाता ढल्केला कि भन्ने चिन्ता छ । त्यसैगरी, चुनाव प्रचारको क्रममा कसको जुलुस ठूलो छ, पर्चा–पम्प्लेट, ब्यानर कसको धेरै छ भन्नेतर्फ पनि मतदाताको चासो छ । प्रचारशैली जसको व्यापक छ, उसैको पलडा भारी ठान्ने मानसिकता उनीहरूमा छ । त्यति मात्रै होइन, चुनाव प्रचारको क्रममा उम्मेदवार एवं तिनका नेता कार्यकर्ताको हाउभाउतर्फ पनि मतदाताले ध्यान दिइरहेका हुन्छन् । मतदाताको भावनालाई राम्रोसँग पढेका नेताहरूले जनभावनाअनुरूपको प्रचारशैली अपनाउँछन् । गोहीको आँसु देखाउन खप्पिस अधिकांश उम्मेदवार चुनाव प्रचारमा अगाडि छन् । चुनावको मुखमा मञ्चन गरिएका नाटकलाई यथार्थ ठानेर प्रभावित हुनेहरू रनभुल्लमा पर्नु स्वाभाविकै हो ।**

**पाँच वर्ष नसम्झेका नेताले चुनावको मुखमा फोन मात्रै गर्दा पनि पुलकित भएर मक्ख पर्ने र लुटुपुटु गरिहाल्ने प्रवृत्ति सर्वसाधारणमा छ । त्यसैले त चुनावको बेलामा मात्रै नेताहरू ब्यूँझने गरेका हुन् । 'जसोजसो जनता उसोउसो नेता ।' नागरिक असल न्यायाधीशको भूमिकामा रहन सकेको छैन । चुनावको बेला गाउँ, टोलमा उम्मेदवार आऊन् या नआऊन्, प्रचारप्रसारमा तडकभडक गरून् या नगरून्, रक्सी–मासु खुवाऊन् वा नखुवाऊन्, त्यसतर्फ नागरिक प्रभावित हुनुहुँदैन । नागरिक धर्म निभाउने हो भने जब चुनाव सम्पन्न हुन्छ, त्यही दिनदेखि जनप्रतिनिधिको मूल्याङ्कन शुरू गर्नुपर्छ । कार्यावधिभरिकै क्रियाकलाप एवं कामकारबाईको मूल्याङ्कन गरेर मतदानको माध्यमबाट फैसला दिने हो । तर त्यसो हुन सकिरहेको छैन । जबसम्म न्यायकर्ताले हचुवाको भरमा वा प्रभावित भएर फैसला दिन्छ, तबसम्म सुशासन र समुन्नतिको कल्पना पनि गर्न सकिँदैन । हाम्रो मुलुकमा यही भएको हो ।**

**बाजेले मतदान गरे, बुबाको जिन्दगी मतदान गरेरै बित्यो, छोरानाति मतदान गरिरहेकै छन्, अवस्था जस्ताको त्यस्तै । गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यको प्रत्याभूति राज्यले गर्नुपर्ने नागरिकको अधिकार हो । योग्यता र क्षमता अनुसारको रोजगार हुनुपर्छ, सकिँदैन भने बेरोजगारी भत्ता दिइनुपर्छ । बालबालिका, ज्येष्ठ नागरिक, असहाय, विकलाङ्गलाई राज्यले संरक्षण दिनुपर्छ । त्यसको निम्ति राज्य समृद्ध हुनुपर्छ । राज्य समृद्ध हुन प्राकृतिक स्रोत र दूरदृष्टि भएका नेतृत्व चाहिन्छ । मानवनिर्मित साधन त्यसपछिको कुरा हो । हाम्रो मुलुक प्राकृतिक स्रोतले सम्पन्न छ । यहाँ दूरदृष्टि, योजना तथा कार्यक्रम भएका इमानदार नेतृत्वको अभाव छ । त्यस्तो सक्षम नेतृत्व स्थापित हुनका लागि आफ्नो भूमिका तथा जिम्मेवारीप्रति इमानदार नागरिक चाहिन्छ । मुलुकका सबै राजनीतिक दल र नेतालाई थोकमा एउटै देख्ने अर्को महाभूल पनि यहाँ गरिँदैछ । यहाँ धेरै बेइमान, बेइमान, थोरै बेइमान र इमानदार सबै किसिमका छन् । त्यसमध्ये धेरै बेइमानलाई छाँट्दै जाने हो भने त्यसबाट अरूले पनि सबक सिक्ने हुँदा कालान्तरमा इमानदारहरूको बाहुल्यता हुन सक्छ । आशावादी बनौं र हरेक मतदाताले यही चुनावबाट बेइमानलाई छाँट्दै जाने प्रतिबद्धताका साथ मतदान अभियान शुरू गरौं ।**

# गरीबी उन्मूलनको कुरा पछाडि नपारौं

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**कोरोनापछि गाउँमा गरीबी बढेको छ । गाउँमा धेरैको आर्थिक अवस्था कमजोर भएको छ । त्यस्ता मानिस जसले कोरोना पूर्व वा पछि बैंकबाट ऋण लिनुपरेको थियो, त्यस्ताको ऋण तिर्ने बाटो भने कोरोनाले साँघुरो बनाइदिएको छ ।**

अहिले चुनावको समयमा अनेक वाचा र प्रतिबद्धता सार्वजनिक भइरहेका छन् । धेरै दलले घोषणापत्रमा अनेक वाचा गरिरहेका छन् । वास्तवमा आफूले जितेपछि गर्न चाहेको सक्दो कामबारे सामान्य जानकारी हुनुपर्ने तर सङ्कल्प, प्रतिबद्धता, घोषणा र अन्य शब्द प्रयोग गरेर केही दल वा उम्मेदवारले निश्चितताजस्तै देखाउन चाहेका छन् । यसै कारण यस्ता कुराप्रति सर्वसाधारणको ध्यान जान सकेको छैन । अहिले कोही पनि मतदाता कसैको घोषणापत्र पढेर, त्यसमा विश्वास गरेर कुनै उम्मेदवारको पछि जाँदैन । यति हुँदाहुँदै पनि घोषणापत्रलाई एउटा अति साधारण मार्गदर्शन भने मानिएको पाइन्छ ।

अहिले घोषणापत्र सार्वजनिक भइरहँदा वा सर्वसाधारणको हातमा पुगिरहँदा देशको भौतिक विकास तथा पूर्वाधारमा जति जोड दिइएको छ, त्यति अन्य पक्षमा दिएको पाइँदैन । हुनत देशको भौतिक प्रगति हुन सके अन्य धेरै पक्षको विकास हुन खासै बेर लाग्दैन । भौतिक विकासलाई अन्य विकासको राजमार्ग पनि भनिन्छ । सर्वसाधारणले पनि विकासको अर्थ पहिले बाटोघाटो नै बुझ्केका थिए । अहिले बिस्तारै बिजुली, कृषि तथा पशुपालन पनि बुझ्न थालेका छन् । शहरी क्षेत्रका मतदाताले विकासमा पर्यटन र वातावरण पनि जोड्न थालेका छन् । शिक्षा र स्वास्थ्य पनि मुद्दा बन्न छुटेको छैन । मुख्यरूपमा यिनै विषयमा केन्द्रित रहेको लिखित घोषणा वा उम्मेदवारका मन्तव्यहरूमा सर्वसाधारणले थपडी बजाइरहेका छन् ।

दुई–तीन चुनाव पहिले अर्थात् करीब डेढ दशक पहिले मौखिकरूपमा जसरी गरीबी उन्मूलन एउटा ठूलो मुद्दा हुने गर्दथ्यो, अहिले पाइएको छैन । मुख्यगरी राजनीतिक दलहरूले घोषणापत्रमा गरीबी उन्मूलनलाई किञ्चित छोएको देखिन्छ । यससित सम्बन्धित केही बुँदामा चर्चा गरेको देखिन्छ तर सर्वसाधारणसित भोट माग्न जाँदा वा कोणसभाहरूमा नेताहरूले यस मुद्दालाई बिर्सिसकेका छन् । अहिले चुनाव प्रचार, घरदैलो तथा कोणसभाहरू आफ्नो उम्मेदवारको गुणको बखान र भए नभएको प्रशंसामा केन्द्रित हुने गरेको छ भने विपक्षीमा पनि मुख्य प्रतिस्पर्धी ठानिएकाको अनावश्यक आलोचना हुने गरेको छ । यस किसिमको आलोचनामा भए नभएको नकारात्मक पक्ष देखाइन्छ । केही सवाल विकास निर्माणका हुन्छन् तर वास्तवमा गरीबी निवारणका मुद्दामा उम्मेदवार तथा तिनका समर्थक अब केन्द्रित हुन छाडेका छन् । के हाम्रो समाजमा गरीबीको मुद्दा अब चुनावमा काम लाग्ने खालको छैन र ? वा गरीबहरू अब चुनावमा प्रभाव पार्न छाडे ?

केही हदसम्म यो कुरो निकै जायज छ कि मतदातालाई यसरी प्रभावित पार्न खोजियो कि चुनावको समयमा जसले केही दिन खोज्छ उसलाई नै मत दिनु उचित हुन्छ । कतिपयले यस्तो भोटलाई बिकाउ भोट भन्दछन् । यो बिकाउ भोट भनेको निस्सन्देह गरीबकै हो । गरीब वर्गको भोट किन्न सकिन्छ वा बिक्रीमा हुन्छ भन्ने कुरा फैलाइएको छ । अब दलितहरू पनि उम्मेदवार हुने गरेका छन् । दलितहरूमा पनि चेतनाको विस्तार भएसँगै भोट दिनुपर्ने साँघुरो नै भए पनि विचार आएको छ । यस्तो कुराको के प्रभाव परेको छ भने मतदाता जात पनि हेर्न थालेका छन् । मतदातामा पनि वर्गको कुरो कमजोर भएकोजस्तो देखिन्छ । वर्गको कुरो गर्नेभन्दा एक्लाएक्लै मत माग्न जाँदा जातको कुरो गर्दा बढी प्यारो लाग्न थालेको छ । उम्मेदवार बनाइँदा वा उम्मेदवार बन्दा फलानो जातीय समूहको यति धेरै छ, फलानो जातीय क्लस्टर यसरी प्रभावकारी बन्न सक्छ र फलानो जातिको सन्तुलन यस्तो छ भनेर विश्लेषण गरिन्छ । अनि यसको प्रभावले पनि गरीबी निवारणको कुरो केही हदसम्म ओझेलमा पर्न थालेको हो । यसको अर्को मुख्य कारण यो पनि हो कि गरीब हुनु भनेको आर्थिकरूपले पछाडि परेको वा पारिएको मात्र नभई चेतनाको दृष्टिकोणले पनि पछाडि पर्नु हो । गरीबहरूको एकीकृत आवाज हुन नसक्नु, सङ्गठन नहुनु तथा स्पष्ट माग केही हुन नसक्नुको कारणले पनि गरीबी निवारणको मुद्दा अहिलेको चुनावमा जति धेरै चर्चामा हुनुपर्ने हो त्यति हुन सकेको छैन । यसको अर्थ यो होइन कि अहिलेको चुनावमा दलहरूले गरिबी उन्मूलनलाई चुनावको मुद्दा बनाएकै छैनन् ।

गत छठ पर्वको बेलाको कुरो हो । खरनाकै दिन हुनुपर्छ । कतैबाट बोलाइएर यो पङ्क्तिकार पुगेको थियो । त्यहाँ छठ व्रतालुहरू आएका थिए । व्रतालुहरूमध्ये अधिकांश विपन्न समुदायका थिए किनभने जहाँ तिनीहरू पुगेका थिए, त्यहाँ साडी लिन खोजेका थिए । दिनेको मनसाय पनि के थियो भने मैले दिएकै साडी लगाएर छठ पर्व गरून् । साडी लिनेमध्ये कोही कोही मोटाघाटा पनि थिए । जीउ हेर्दा गरीब होइनन् जस्ता लाग्दथे तर केही चाहिं बोली र जीउले नै गरीब थिए । एउटी भन्दै थिइन् हुनेखानेले त पबनीको सबै कुरो किनिसकेका छन्, आफूले भने केही गर्न सकेकी छैन । उनलाई सोधेपछि उनको स्पष्टोक्ति थियो कि सामान किन्न पैसा चाहिन्छ । आफूसित न अन्न छ, न पैसा नै । अब यहाँ साडी केही पैसा पाए, पबनी भइहाल्छ । नभन्दै एउटा साडी र पाँच सय रुपियाँ पाइन् । यो वर्ष मात्र होइन, बर्सेनि यसरी नै पाउने गरेको उनले बताइन् । भन्नुको तात्पर्य यो पनि हो कि समाजमा अझै यस्तो घरपरिवार छ जसले चाडपर्व मान्न पनि अरूको भर पर्नुपर्छ र अझै पनि यस्ता दाता छन् जो चाडपर्व मनाउन अरूलाई रकम तथा आवश्यक सामग्री प्रदान गर्छन् । अरूले नदिए आफ्नो हुतिले चाडपर्व पनि मनाउन नसक्ने यस खाले गरीबको हकमा चुनाव आउनुको अर्थ हुनुपर्दछ । चुनावले यस्ता सीमान्त वर्गलाई छोएको त छ तर मुद्दा बलियोगरी उठाइएको पाइएको छैन ।

अहिलेको चुनावमा स्वतन्त्रको चहलपहल बढेको छ । दल र व्यक्तिको चुनावी प्रतिबद्धतामा फरक पर्छ । व्यक्तिगत उम्मेदवार हुनु र दलको उम्मेदवार हुनुमा धेरै फरक छ । दलको उम्मेदवार हुँदा दलको प्रतिबद्धता मतदातासम्म पुऱ्याउन सजिलो छ । त्यो कार्यान्वयन नहुँदा दलमाथि दोष सोझ्याउन सजिलो हुन्छ । कार्यान्वयन हुँदा भने उम्मेदवारहरू आफ्नो सफलता मान्छन् । तर जब व्यक्ति उम्मेदवार हुन्छ, त्यति बेला व्यक्तिको घोषणापत्र वा चुनावी प्रतिबद्धता उनी निर्वाचित हुादा पनि कार्यान्वयन गर्न कति सहज होला ? हामी अन्दाज गर्न सकौंला । कार्यान्वयनको पाटो अर्को हो र चुनावी प्रतिबद्धताको पाटो अर्कै हो भन्ने विचार राख्ने हो भने पनि दल वा स्वतन्त्र जुन माध्यमको उम्मेदवार होस्, मतदातासित मत माग्ने आधिकारिक दस्तावेजमा सबै वर्ग र तहलाई खुशी पार्नेगरी सन्तुलन मिलाइएको हुन्छ । यस्तो सन्तुलन मिलाइने आधिकारिक दस्तावेजमा गरीबी निवारणको कुरो कति अटाउन सकेको छ ?

कोरोनापछि गाउँमा गरीबी बढेको छ । गाउँमा धेरैको आर्थिक अवस्था कमजोर भएको छ । त्यस्ता मानिस जसले कोरोना पूर्व वा पछि बैंकबाट ऋण लिनुपरेको थियो, त्यस्ताको ऋण तिर्ने बाटो भने कोरोनाले साँघुरो बनाइदिएको छ । यस्तो परिस्थितिका मानिसको आर्थिक अवस्था कमजोर भएको छ । जो अत्यन्त गरीब थिए, ती गरीबलाई कोरोनाले झन् गरीब बनाइदिएको छ । आफ्नो गाउँ छाडेर अन्यत्र कृषिमा आधारित ज्यालादारी गर्न जाने मानिसको सङ्ख्या कोरोनाले बढाएको छ । पहिलेको तुलनामा गाउँमा पक्की घर त बढेको छ तर यो बाध्यता पनि भएको छ । वास्तवमा धेरै पक्की घरका मालिकले आफ्नी छोरीको बिहे गर्दा खेत बेचेका छन्, ऋण लिएका छन् र ऋणमा डुबेका छन् । धेरै मानिसले सुकिलो लुगा लगाउन थालेका छन् । सुकिलो लुगा लगाउनुको अर्थ यो होइन कि ऊ गरीबीमा पिल्सिएको नहोस् । अब बिस्तारै मानिस सफा हुन सिक्दैछन् । गाउँघरमा पनि मानिसको शरीर सफा देखिन थालेको छ । मैलो र फोहोर लगाउन अब युवाले चाहँदैन, जतिसुकै गरीब भए पनि । यो सानो सकारात्मक परिवर्तन हो तर गरीबी निवारणको कुरा अहिले कमजोर हुनुपर्ने अवस्था छैन । अहिलेको चुनावमा गरीबी निवारणको पक्षमा ध्यान जानुपर्ने हो तर उति जान सकेन । सम्भव हुनेले गरीबी निवारणलाई अझै जोरदार मुद्दा बनाउनुपर्छ । यससित जोडिएको रोजगार तथा तालीमका कुरा पनि अलिकति आइरहेको छ, जसलाई सकारात्मक मान्नुपर्दछ तर अझै पनि गरीबी निवारणको मुद्दालाई राम्ररी उठाउनु जरूरी छ ।

# सिराहामा स्वतन्त्र उम्मेदवारको सङ्ख्या धेरै

प्रस, सिराहा, २३ कात्तिक/

२०७९ मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि सिराहा जिल्लामा राजनीतिक दलभन्दा स्वतन्त्र उम्मेदवारको वर्चस्व छ ।

जिल्लामा चार सङ्घीय तथा आठ प्रदेशसभा निर्वाचन क्षेत्रबाट २२४ जनाको उम्मेदवारी परेकामा ११९ जना स्वतन्त्र उम्मेदवार छन् ।

स्थानीय तह निर्वाचनमा स्वतन्त्र उठेका उम्मेदवारले जितेको र उनीहरूले जनतामाझ गरेको काममा प्रभावित भएर यो निर्वाचनमा पनि स्वतन्त्र उम्मेदवारको सङ्ख्या बढेको आकलन गर्न सकिन्छ । राजनीतिक दलले जनताको भावनामाथि खेलबाड गरेकाले आफूहरूले स्वतन्त्र उम्मेदवारी दिएको स्वतन्त्र उम्मेदवारहरूको भनाइ छ ।

सिराहा क्षेत्र नं २ का स्वतन्त्र उम्मेदवार नेपाल पत्रकार महासङ्घ, सिराहाका पूर्वअध्यक्ष देवकुमार यादवले राजनीतिक दलबाट निर्वाचित भएका नेताले जनताको भावनाविपरीत दलीय दबाबमा परी जनताको हितमा काम नगरेकाले आफूले स्वतन्त्र उम्मेदवारी दिएको बताए । उनले भने, "दलीय जनप्रतिनिधिले जनताको आधारभूत आवश्यकता पूरा गर्न नसकेकाले आफूले त्यो आवश्यकता पूरा गर्नका लागि उम्मेदवारी दिएको हुँ ।" आफ्नो चुनावी मुद्दा नै जनताको आधारभूत आवश्यकता कृषि, स्वास्थ्य, शिक्षा र सरसफाइ रहेको उनले बताएका छन् । सिराहा क्षेत्र नं २ बाट नै प्रतिनिधिसभा सदस्यमा स्वतन्त्र उम्मेदवारी दिएका लेखक, समालोचक तथा पत्रकार रामरिझन यादवले दलहरू भ्रष्टाचारमा लिप्त भएको आरोप लगाएका छन् । "एउटा कालखण्ड राजनीति दलमा बिताइयो, दलभित्रै बसेर भ्रष्टाचारीको विरोध गर्न असम्भव भएकाले म स्वतन्त्र भएँ," उनको भनाइ छ । प्रतिनिधिसभाका चार निर्वाचन क्षेत्रका लागि जम्मा ८५ जनाले उम्मेदवारी दिएका छन् । तीमध्ये ४८ जना स्वतन्त्र उम्मेदवार छन् । त्यसैगरी, प्रदेशसभाको आठ निर्वाचन क्षेत्रका लागि ११९ जनाले उम्मेदवारी दिएकामा ७१ जनाको स्वतन्त्र उम्मेदवारी छ ।

प्रतिनिधिसभाका लागि सिराहा क्षेत्र नं १ बाट २३ जनाको उम्मेदवारी परेकामध्ये १० स्वतन्त्र र १३ दलका उम्मेदवार छन् । त्यसैगरी, क्षेत्र नं २ मा २३ जनाको उम्मेदवारी परेकामा १५ स्वतन्त्र र आठजनाको मात्रै दलबाट उम्मेदवारी परेको छ ।

त्यस्तै, सिराहा क्षेत्र नं ३ बाट जम्मा २२ जनाको उम्मेदवारी परेकामा १४ जना स्वतन्त्र र आठजना दलका उम्मेदवार छन् । क्षेत्र नं ४ बाट १९ जना उम्मेदवारमध्ये नौजना स्वतन्त्र र राजनीतिक दलका १० जनाले उम्मेदवारी दिएका छन् ।

प्रदेशसभा सदस्यका लागि क्षेत्र नं १ को (१) बाट १६ जनाको उम्मेदवारी पर्दा छजना स्वतन्त्र र १० जना दलका उम्मेदवार छन् । (२) बाट १४ जना उम्मेदवारमध्ये छजना स्वतन्त्र र आठजना दलका उम्मेदवार छन् । सिराहा क्षेत्र नं २ को (१) बाट जम्मा १५ जनाले उम्मेदवारी दिएकामध्ये आठजना स्वतन्त्र र सातजना दलका उम्मेदवार छन् । (२) बाट १६ जनाको उम्मेदवारी पर्दा नौजना स्वतन्त्र र सातजना दलका उम्मेदवार छन् ।

त्यस्तै, क्षेत्र नं ३ बाट प्रदेशसभा (१)का लागि १८ जनाले उम्मेदवारी दिंदा १३ जना स्वतन्त्र र पाँचजना दलका उम्मेदवार छन् । (२)मा १४ जनामध्ये नौजना स्वतन्त्र र पाँचजना दलका छन् । क्षेत्र नं ४ (१)बाट जम्मा १८ जनाले उम्मेदवारी दिएकामध्ये १० जना स्वतन्त्र र आठजना दलका छन् भने (२)मा १८ जनामध्ये ११ जना स्वतन्त्र र सातजना राजनीतिक दलका उम्मेदवार छन् ।

स्वतन्त्र उम्मेदवारहरूले आफूहरू दलको विकल्पमा उम्मेदवार बनेको बताइरहे पनि स्वतन्त्रतर्फका उम्मेदवारको सङ्ख्या धेरै भएकाले दलविरुद्धका मतहरू विभाजित हुने हुँदा अन्ततः दलकै उम्मेवारहरूले जित्ने विश्लेषकहरूको अनुमान छ ।

# रवि लामिछाने सर्लाहीमा

प्रस, सर्लाही, २३ कात्तिक/

राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय अध्यक्ष रवि लामिछानेलाई सर्लाहीका बासिन्दाले स्वागत गरेका छन् । अध्यक्ष लामिछाने बुधवार सर्लाही आइपुगेका हुन् ।

स्वतन्त्र पार्टीले हरिवन र मलङ्गवामा आयोजना गरेको छुट्टाछुट्टै कोणसभालाई अध्यक्ष लामिछानेले स्वागत गरेका थिए । हरिवन तथा मलङ्गवामा भएका कोणसभालाई सम्बोधन गर्दै अध्यक्ष लामिछानेले यसपालि सो क्षेत्रका जनताले जाति र समुदायभन्दा माथि उठेर घण्टीमा मतदान गर्न आग्रह गरे ।

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# तीव्रगतिमा सवारी चलाए सचेतना कक्षा

काठमाडौं, २३ कात्तिक/रासस

के तपाईं काठमाडौं उपत्यकामा तीव्र गतिमा सवारी साधन चलाउँदै हुनुहुन्छ ? त्यसो हो भने होशियार १ एक घण्टा ट्राफिक सचेतना कक्षा लिनुपर्ला ।



काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले तीव्र गतिमा सवारीसाधन चलाउने चालकलाई आगामी मङ्सिर १५ गतेदेखि ट्राफिक सचेतना कक्षा सञ्चालन गर्ने भएको छ । यस अघि मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउने र लेन अनुशासन उल्लङ्घन गर्ने तथा सडक बत्तीको पालना नगर्ने चालकलाई ट्राफिक सचेतना कक्षा सञ्चालन गर्दै आएको कार्यालयले आगामी मङ्सिर १५ गतेदेखि तीव्र गतिमा सवारीसाधन चलाउने चालकलाई अनिवार्य कक्षा सञ्चालन गर्न लागेको हो ।

कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भ ले तीव्र गतिमा सवारी चलाउँदा दुर्घटना भई मानवीय क्षति भएको भन्दै दुर्घटना न्यूनीकरण गर्न जरिवानासहित सचेतना कक्षाको व्यवस्था गर्न लागिएको जानकारी दिए ।

उनका अनुसार आर्थिक वर्ष २०७८/७९ मा तीव्र गतिका कारण ३,५४३ र चालू आवको तीन महीनामा तीव्र गतिका कारण ६४९ दुर्घटना भएको छ । आव २०७८-७९ मा १८,४४७ र चालू आवको तीन महीनामा ८,५८४ जना तीव्र गतिमा चलाउने चालकलाई कारबाही गरे पनि सवारी चालकमा सचेतना कमी भएको भन्दै कक्षा सञ्चालन गर्न लागिएको प्रवक्ता भ ले बताए ।

# सिराहा र धनुषा जोड्ने कमला पुल बनेन

प्रस, सिराहा, २३ कात्तिक/

हुलाकी राजमार्ग अन्तर्गत सिराहा जिल्ला र धनुषा जिल्ला जोड्ने कमला बाध्यता रहेको बताएका छन्। यहीं पुलका कारण नजीकको बाटो पनि पूर्वपश्चिम राजमार्ग भएर आवतजावत गर्नुपर्दा

लुम्बिनी बिल्डर्स कम्पनीका इन्जिनीयर सूर्यप्रकाश शर्माले २०७८ असारको पहिलो साता पुल निर्माणको



तस्वीरः फाइल

पुल निर्माण अलपत्र पार्ने निर्माण व्यवसायीलाई कारबाही गरिने भएको छ । सो पुल निर्माणको क्रममा एक वर्षअघि भाँचिएको थियो । उक्त पुल निर्माणको क्रममा २०७८ असारमा आएको बाढीले जग भासिन गई क्षतिग्रस्त भएको हो। त्यसपछि आयोजनाले निर्माण व्यवसायीलाई पटकपटक ताकेता गर्दासमेत हालसम्म पुनर्निर्माण गर्न अटेरी गरेको आरोप छ ।

कमला नदीको पुल भाँचिएपछि यहाँका स्थानीयहरू कम समयमा पुग्नुपर्ने ठाउँमा पनि धेरै समय लगाएर जानुपर्ने अत्यधिक समय लाग्ने गरेको राजविराजका स्थानीय अरुण यादव बताउँछन् ।

“हुलाकी सडक भएर राजविराजबाट जनकपुरधाम जाँदा डेढ घण्टामा पुग्न सकिन्छ,” उनी भन्छन्, “तर पूर्व–पश्चिम राजमार्ग भएर आवतजावत गर्दा तीन घण्टाभन्दा बढी समय लागिरहेको छ।” निर्माणको अन्तिम चरणमा कमला नदीको पुलको एउटा स्पाम धसेको थियो। निर्माण कम्पनीले अन्तिम काम गरिरहेको अवस्थामा गत वर्षको सामान्य वर्षामैं पुल भासिएको थियो ।

९९ प्रतिशत काम पूरा भइसकेको र अब फिनिसिङ गर्न मात्र बाँकी रहेको बताएपछि तत्कालीन संस्कृति, पर्यटन नागरिक तथा उड्डयनमन्त्री उमाशङ्कर अरगरियाले फूलमाला लगाइदिएर धन्यवाद दिएका थिए ।

धन्यवाद दिएको दुई सातापछि पुल भासिएको थियो । हुलाकी राजमार्ग अन्तर्गत सप्तरी र सिराहाका अधिकांश सडकमा कालोपत्रसमेत भइसकेको छ । यो पुल नभासिएको भए आवतजावत गर्न एकदमै सजिलो हुने विश्वास यस क्षेत्रका बासिन्दाको थियो ।


**घर खर्च जोहो गर्दै बालबालिका** : घर खर्च जोहो गर्नका लागि मुगुका बालबालिका हवाईजहाजबाट ल्याइएको सामान ताल्चा विमानस्थलबाट बोकेर गन्तव्यतर्फ लैजाँदै । तस्वीरः रासस

# पढ्नलाई उमेरले छेकेन : दुई छोरी र एक छोरासँगै विद्यालय

–कृष्ण न्यौपाने

दमौली, २३ कात्तिक/रासस

“पढाइजस्तो ठूलो केही रहेनछ, जीवनलाई पढाइ अति आवश्यक रहेछ,” तनहुँको व्यास नगरपालिका–१४ का ४२ वर्षीय विश्वबुढा परियारले भने, “जब मान्छे शिक्षित हुन्छ, तब घरको व्यवहारदेखि समाज र देश विकासमा टेवा पुग्छ ।”

व्यास–२ दमौलीस्थित बाल मन्दिर माविमा कक्षा ११ मा अध्ययन गरिरहेका परियारले विद्यालय छाडेको २५ वर्षपछि पुनः अध्ययनलाई निरन्तरता दिएका छन्।

व्यास–१४ स्थित केशवटार माविमा कक्षा १ देखि ९ सम्म अध्ययन गरी पढाइ छाडेका बुढाले गत वर्ष सोही विद्यालयबाट एसइई उत्तीर्ण गरेका थिए। एसइईमा एक दशमलव छ जिपिए ल्याएका उनले हाल बाल मन्दिर माविबाट उच्च शिक्षा सुरुआत गरेका छन् ।

अझ रोचक त के भने परियारका दुई छोरी र एक छोरा पनि यही विद्यालयमा अध्ययनरत छन्। ठूलो छोरा १३ वर्षीय शिवशङ्कर बुढा परियार कक्षा ६ मा अध्ययनरत छन्। छोरी ११ वर्षीया पूर्णिमा परियार कक्षा ४ र अर्की छोरी नौ वर्षीया लक्ष्मी परियार कक्षा एलकेजीमा अध्ययनरत छन् ।

छोराछोरीसँगै एउटै विद्यालयमा अध्ययन गर्दा खुशी लाग्ने गरेको परियार बताउँछन् । “हामी त सबै एउटै विद्यालयमा पढ्छौं, छोराछोरीसँगै एउटै विद्यालयमा अध्ययन गर्न पाउँदा खुशी लाग्छ,” परियारले भने, “शुरूशुरूमा त केही अप्ठ्यारो महसूस हुन्थ्यो, अहिले त सबै विद्यार्थी साथी जस्तै भइसके ।”

परियारको कक्षामा ४२ विद्यार्थी छन् । सबै विद्यार्थी छोराछोरी जस्तै लाग्छन् । “उमेरका हिसाबले सबै छोराछोरी जस्तै लाग्छन्, अहिले त सबै मेरा साथी हुन्,” परियारले भने। शुरूमा विद्यालय जाँदा विद्यार्थीहरू खिस्स हाँस्ने गरेको उनले सुनाए ।

**यसरी आयो पढ्ने सोच**

नेपाल कराँते सङ्घ गोजो एकाइका प्रमुख प्रशिक्षक परियार केही वर्षअगाडि स्वयंसेवक प्रशिक्षकलाई अन्तर्वार्ता दिन गएका थिए । त्यति बेला एसएसली उत्तीर्ण नगरेको भने पनि उनी छनोट हुन सकेका थिएनन्। त्यही बेला उनलाई एसएलसी उत्तीर्ण नगरेकामा हीनताबोध भयो र पढ्नुपर्छ भन्ने सोच जाग्यो ।

“खेलकूदबाट स्वयंसेवक प्रशिक्षक खटाउने भनेर अन्तर्वार्ता दिन जाँदा एसएलसी उत्तीर्ण नहुँदा फालिएँ, त्यहाँबाट पढ्न पर्ने रहेछ भन्ने लाग्यो,” परियारले विगत सम्झँदै भने, “पढाइ जस्तो ठूलो केही पनि रहेनछ भन्ने अनुभूति भयो ।” राजनीतिमा पनि आस्था रहेको र पछि गएर पढाइले केही समस्या हुन्छ भन्ने लागेर दुई वर्षअघि केशवटार माविमा कक्षा ९ मा भर्ना भएर अध्ययनलाई निरन्तरता दिएको परियारले बताए ।

केशवटार माविका तत्कालीन प्रधानाध्यापक दुर्गाबहादुर आलेले पढ्नुपर्छ भनेर प्रोत्साहन गर्ने गरेको परियार सम्झिन्छन् । “उनले सधैं मलाई अध्ययनका लागि प्रोत्साहित गरिरहन्थ्यो, कक्षा ९ मा पुनः भर्ना हुने बेलामा पनि उनले मलाई सहयोग गर्नुभयो,” परियारले भने, “पढ्नलाई उमेरले छेक्दैन, अध्ययन छाडेकाहरूलाई पनि पुनः अध्ययनलाई निरन्तरता दिनुस् भन्न चाहन्छु ।”

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान तनहुँका वरिष्ठ उपाध्यक्ष, दलित सङ्घ तनहुँको सचिव, सांस्कृतिक सङ्घ तनहुँको सहकोषाध्यक्ष, संयुक्त दलित उत्थान मञ्चको वरिष्ठ उपाध्यक्ष, नेपाल कराँते सङ्घ गोजो एकाइको प्रमुख प्रशिक्षक रहेका परियारले विद्यावारिधि गर्ने लक्ष्य रहेको बताए ।

“मेरो लक्ष्य विद्यावारिधि गर्ने लक्ष्य छ, बाँचुन्जेल पढें भने विद्यावारिधि गर्छु भन्ने आशा छ,” परियारले भने, “पढाइ भनेको जीवनलाई अति आवश्यक छ, इच्छा लाग्यो भने पढाइलाई उमेरले छेक्दैन, यत्तिको उमेरको मान्छे त आएर पढेको छ भनेर विद्यालयका बालबालिकामा पनि पढ्ने प्रोत्साहन जागेको छ ।”

परियारको पढ्ने इच्छाले पढाइलाई उमेरले छेक्दैन भन्ने प्रमाणित भएको बालमन्दिर माविका प्रधानाध्यापक राजेन्द्र खनालले बताए। “उहाँको पढ्ने आँट र साहस देखेर विद्यालयमा विद्यार्थीलाई प्रेरणा मिल्नाका साथै हौसला प्राप्त भएको छ,” खनालले भने, “हामीहरूले पनि उहाँलाई हौसला दिइरहेका छौं ।”

# रौतहट क्षेत्र १ मा निर्वाचनको माहोल तात्दै

रौतहट, २३ कात्तिक/रासस

प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन नजीकिएसँगै रौतहट क्षेत्र नं १ को माहोल तातेको छ ।

सत्ता गठबन्धनका नेता एवं नेकपा ( एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल सोही क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा पदमा उम्मेदवार छन् । सो क्षेत्रमा नेकपा (एमाले)का उम्मेदवार अजयकुमार गुप्ताले प्रतिस्पर्धा गर्दै छन्। गौर नगरपालिकाका पूर्वप्रमुख गुप्ता केही महीनाअगाडि मात्रै एमालेमा प्रवेश गरेका हुन् ।

२०७० सालको संविधानसभाको निर्वाचनमा नेपालले चुनाव जितेका थिए। २०७४ सालको स्थानीय तहको निर्वाचनमा गौर नगरप्रमुखमा गुप्ता निर्वाचित भएका थिए ।

रौतहटको क्षेत्र नं १ मा गौर, राजदेवी र माधवनारायण नगरपालिकासहित दुर्गा भगवती, यमुनामाई गाउँपालिका र गढीमाई नगरपालिकाका ६, ७ र ८ नं वडा र गरुडा नगरपालिकाका १ नं वडा पर्दछ ।

नेकपा (एस)का वडाध्यक्षमा निर्वाचित र पराजित उम्मेदवारहरूले कुल १९ हजार ६९८ मत पाएका थिए । नेपाली काङ्ग्रेसले कुल १६ हजार ९४४ मत पाएको छ । यहाँ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले १२ हजार २६२ मत पाएको छ। नेकपा (माओवादी केन्द्र)ले आठ हजार १९१, एमाले सात हजार ३८५, जसपाले आठ हजार २४१ र स्वतन्त्रसहित अन्य दलले तीन हजार

(बाँकी पाँचौं पातामा)

# निर्वाचन नजीकिएसँगै सुरक्षा निगरानी थप चुस्त

काठमाडौं २३, कात्तिक/रासस

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन आउन अब ११ दिन बाँकी छ। निर्वाचनमा मतदान गर्ने मिति नजीकिएसँगै सुरक्षा निगरानीलाई थप चुस्त पारिएको छ। यसपटक निर्वाचन सुरक्षामा झन्डै तीन लाख सुरक्षाकर्मी परिचालित छन् ।

तीन सुरक्षा निकायका एक लाख ८२ हजार सुरक्षा जनशक्तिका साथै एक लाख १५ हजार म्यादी प्रहरी परिचालित छन् । अहिले आवश्यकताका आधारमा धेरै सुरक्षाकर्मी निर्वाचन सुरक्षामा परिचालित भइसकेको गृह मन्त्रालयले जनाएको छ। मतदानस्थलको चुनौतीका आधारमा विश्लेषण गरेर निर्वाचन सुरक्षा चुस्त पारिएको गृह प्रवक्ता फणिन्द्रमणि पोखरेलले बताए ।

मन्त्रालयले एकीकृत सुरक्षा योजना बनाएर तीन सुरक्षा घेरा निर्माण गरी निर्वाचनको विशेष सुरक्षा योजना तयार पारेको छ। जसमा पहिलो घेरामा जनपद प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रोमा नेपाली सेना तैनाथ हुनेछन् । आआफ्नो सुरक्षा निकायलाई प्राप्त जिम्मेवारी पूरा गर्न तीनवटै सुरक्षा निकाय सक्रिय छन्। सुरक्षा निकाय तल्लीनका साथ लागेको छ ।

निर्वाचन आयोगमा रहेको निर्वाचसम्बन्धी संयुक्त अपरेशन टोलीले समेत एकीकृतरूपमा काम गरिरहेको छ। त्यसका लागि नेपाल प्रहरीबाट एसएसपीको नेतृत्वमा नौजनाको समूह छ । सामाजिक सञ्जालगायतका विभिन्न क्षेत्रमा निगरानी गर्ने काम गरिरहेको छ ।

“समग्रमा यसपालिको निर्वाचनको सुरक्षा योजना राम्रो र भरपर्दो छ, ढुक्कसँग मत दिने वातावरण छ,” नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले भने ।

उनका अनुसार यसपटक २८ साना समूहले चुनाव बहिष्कार गर्छौं भनेका छन्। ती समूहको सूक्ष्म निगरानी भइरहेको छ। “उनीहरूको समूह ठूलो छैन तर पनि त्यसको हामीले हरेक कोणबाट निगरानी गर्ने र उसका गतिविधिको सूक्ष्म विश्लेषण गरिरहेका छौं,” उनले भने ।

**यस्तो छ नेपाल प्रहरीको तयारी**

चुनाव शान्तिपूर्णरूपमा सम्पन्न गर्न कटिबद्ध रहेका नेपाल प्रहरीले जनाएको छ । ढुक्कसँग चुनावमा मत दिने वातावरण निर्माणमा नचुक्ने गरी सुरक्षा योजना बनाएको जनाइएको छ ।

विगतमा सुरक्षाले नसमेटेको क्षेत्रमा समेत अहिले प्रहरी परिचालित छ । अस्थायी चौकी खडा गरेरै निगरानी बढाइएको छ । सबै आवश्यक क्षेत्रमा म्यादी प्रहरी पनि परिचालित छन् ।

अलिकति समस्या उम्मेदवार र दलका प्रतिनिधिबीचमा हुने विवादहरू नै रहेको प्रहरीको निष्कर्ष छ। विगत वैशाख ३० मा भएको स्थानीय तहको निर्वाचनमा त्यही भएको थियो। त्यसमा केही घटना भएका छन्, त्यो कसरी भयो, सुरक्षा कहाँ चुक्यो, त्यसबाट पाठ लिएर अहिलेको सुरक्षा योजना बनाइएको प्रहरी प्रवक्ता राईले जानकारी दिए ।

प्रदेशगतरूपमा भेटेर छलफल गर्ने र सुरक्षाकर्मीको मनोबल बढाउने काम नेपाल प्रहरीका उच्च अधिकारीहरूबाट भइरहेको तथा आवश्यक निर्देशन दिइएको पनि उनले बताए ।

प्रवक्ता राईले भने, “हरेक निर्वाचनमा जहिले पनि सुरक्षाको चुनौती हुन्छ नै, तर चुनाव बिथोलिने अवस्था हुन्न, द्वन्द्वकालमा त चुनाव भएको थियो, अहिले त सबै राजनीतिक दल चुनाव गराउन एक मत हुनुहुन्छ भने योपटक सुरक्षा चुनौती छ भन्न मिल्दैन ।”

नेपाल प्रहरी कहींकतै आकस्मिक घटना जहिले पनि हुन सक्छ भन्ने आकलन गरेर त्यसको व्यवस्थापनका लागि नेपाल प्रहरी तयारीका साथ रहेको जनाइएको छ । अहिले आचारसंहिता पालनामा निर्वाचन आयोग आफैं सात्क्रियताका साथ लागेकाले पनि थप सहज भएको प्रहरीको निष्कर्ष छ ।

यसपटकको निर्वाचनमा नेपाल प्रहीतर्फ ७१ हजार ६९३ जनशक्ति खटाइएको छ। त्यसका साथै एक लाख १५ हजार म्यादी प्रहरी छन् । काठमाडौंबाट यही २५ गतेसम्ममा झन्डै १२ हजार थप मदत विभिन्न प्रदेशमा पुऱ्याइन लागिएको छ ।

**दोस्रो घेराको सुरक्षामा सशस्त्र प्रहरी**

मङ्सिर ४ को निर्वाचनमा दोस्रो घेराको सुरक्षा पहरामा रहेको सशस्त्र प्रहरीले ३५ हजार जनशक्ति परिचालन गरेको जनाएको छ। आवश्यक जनशक्ति निर्वाचनमा खटिइसकेका छन् भने केही तयारी अवस्थामा रहेका सशस्त्र प्रहरी बल नेपालले जनाएको छ ।

निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय तथा मुख्य निर्वाचन अधिकृतको सुरक्षाको जिम्मा पनि सशस्त्र प्रहरीलाई छ। त्यसका साथै दोस्रो घेरामा रहेर सुरक्षा दिने जिम्मेवारी सशस्त्र प्रहरी बललाई छ । सशस्त्र प्रहरीका प्रवक्ता

(बाँकी पाँचौं पातामा)

# सुदूरपश्चिममा भूकम्पः डोटीमा छजनाको मृत्यु

डोटी/बझाङ, २३ कात्तिक/रासस

डोटी केन्द्रबिन्दु भएर मङ्गलवार मध्यराति गएको भूकम्पले घर भत्कँदा छजनाको मृत्यु भएको छ भने अरू पाँचजना घाइते भएका छन्।

राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार डोटीस्थित खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रमा केन्द्रविन्दु भएर ६.६ म्याग्निच्युडको भूकम्प गएको हो। मङ्गलवार मध्यरात २ बजेर १२ मिनेटमा गएको भूकम्पले ग्रामीण भेगका दर्जनौं घर भत्किएका छन्।

डोटीको पूर्वीचौकी गाउँपालिका–३ गैरागाउँमा केही घर भत्किंदा घरमा च्यापिएर छजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक भोला भट्टले जानकारी दिए।

मृत्यु हुनेमा पूर्वीचौकी गाउँपालिका–३ ठाडाँगाउँका भगवती बोहरा, सीता बोहरा, हर्क बोहरा, प्रेम बोहरा, तुलसी बोहरा र धनसरी बोहरा छन्। गाउँपालिका अध्यक्ष रामप्रसाद उपाध्यायले एकै घरका तीनसहित छ जनाको मृत्यु भएको बताए।

भूकम्पमा परी पाँचजना घाइते भएका र उपचारका लागि अस्पताल ल्याइएको



गए राति गएको भूकम्पबाट घर क्षति भएपछि बाहिर आँगनमा बसेका डोटीको पूवीचौकी गाउँपालिका–३, गैरागाउँका स्थानीयवासी। तस्वीरः रासस

भट्टले बताए। थप उद्धारका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनाको टोली घटनास्थल पुगिसकेको र स्थानीयसहितको टोलीले उद्धार गरिरहेको प्रहरीले जनाएको छ। स्थानीय शिक्षक मीनराज ओझाका अनुसार अधिकांश घरमा क्षति पुगेको छ।

भूकम्पका कारण सायल गाउँपालिका क्षेत्रमा समेत ठाउँठाउँमा पहिरो गएको स्थानीय दलबहादुर देउवाले जानकारी दिए।

यस अघि पनि राति ९:७ बजे दिपायलमा केन्द्रविन्दु बनाएर ५.७ म्याग्निच्युडको भूकम्प गएको भूकम्प मापन केन्द्रले जनाएको छ। त्यसपछि पनि यहाँ पटकपटक झट्का महसूस भएको थियो। भूकम्पको झट्का कैलाली र कञ्चनपुरमा समेत महसूस भएको थियो।

यता बझाङमा पनि भूकम्पको धक्कापछि स्थानीय खुला ठाउँमा जाग्राम बसेका छन्। मध्यराति २ बजे गहिरो निद्रामा रहेका बेला एक्कासि भागाभाग भएको खप्तडछान्ना गाउँपालिका बझाङका स्थानीयले बताए। खप्तडछान्ना– ५ की लक्ष्मीदेवी जोशीले गाउँभरिका मानिस आगो बालेर बाहिर बसेका बताइन्।


उनका अनुसार पुराना घरहरू भत्किएका छन् भन्ने खबर छ। राति हुनाले केही जानकारी आउन सकेको छैन। जिल्ला सदरमुकाम चैनपुर बझाङमा पनि कैयौं मानिस सुदूरपश्चिमाञ्चल बोर्डिङ स्कूलको चौरमा भेला भएका छन्। पछिल्लो केही समय यता सुदूरपश्चिममा पटकपटक भूकम्पको धक्का महसूस भइरहेको छ।

# कोप–२७ : जलवायु सङ्कटसँग जुध्न व्यावहारिक वाचाको पर्खाइ

–नारायणप्रसाद घिमिरे

काठमाडौं, २३ कात्तिक/रासस

इजिप्टको शार्म एल शेख शहरमा दुई दिनदेखि संयुक्त राष्ट्रसङ्घीय जलवायु




सम्मेलन (कोप–२७) जारी छ। नेपाललगायत विश्वका १९० बढी देश सहभागी भएर संसारकै पेचिलो समस्या (जलवायु परिवर्तन)का विविध पक्षमा घनीभूत छलफल चलाइरहेको यो विश्व सम्मेलनलाई विशेष चासोका साथ हेरिएको छ।

जलवायु सङ्कटसँग जुध्न विश्वका नेताले कस्तो वार्ता र वाचा गर्लान् भन्ने कुरामा सबैको ध्यान इजिप्टतिर मोडिएको छ। हुनत पेरिस सम्झौता–२०१५ पछि सबैभन्दा महत्त्वपूर्ण सम्मेलनका रूपमा गत वर्ष बेलायतको ग्लास्गोमा भएको कोप–२६ लाई लिइए पनि त्यो सम्मेलनले मिश्रित प्रतिक्रिया पाएको थियो। विश्वका शक्तिराष्ट्रले १९९० को दशकदेखि नै उठेको हानिनोक्सानीको विषय र साना राष्ट्रलाई दिइने वार्षिक एक सय अर्ब डलर सहयोगको वाचालाई कोप–२६ मा पनि पन्छाए। यसले नेपाललगायत स्रोतविहीन थुप्रै साना र अतिकम/अल्पविकसित राष्ट्रलाई निराश बनाएको थियो।

जलवायुजन्य हानिनोक्सानीका घटना संसारभर बढिरहेकै छन्। पाकिस्तानको बाढी होस् या युरोपको उर्लंदो तापक्रम, विश्वले अनेक विषम, अतिशय जलवायुजन्य दुर्घटना खेपिरहेकै छ। युरोपमा असह्य तापक्रम बढ्दा कतिले त्यसलाई 'क्लाइमेट हेल' (जलवायु नर्क) को संज्ञा दिएका थिए। यसै क्रममा जलवायु परिवर्तन र विश्वमा यसको असरसम्बन्धी अत्यासलाग्दा प्रतिवेदनहरू पनि सार्वजनिक भइरहेका छन्।

कोप–२७ को पूर्वसन्ध्यामा राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (युनेप) ले अनुकूलन ढिलाइ र उत्सर्जनमा अन्तर्सम्बन्धी दुई प्रतिवेदन सार्वजनिक गरेको छ। जलवायु परिवर्तनका जल्दाबल्दा विषयवस्तु र जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसङ्घीय ढाँचा महासन्धि (युएनएफसिसी)का सदस्य राष्ट्रले कोप–२६ मा गरेका वाचाको समीक्षा गरी तयार पारिएका यी दुई प्रतिवेदनले अनुकूलता र उत्सर्जनसम्बन्धी वाचा र व्यवहारमा ठूलो अन्तर देखाउँदै विश्वलाई चेतावनी दिएका छन्।

"समग्र मावनजीवन र यस धर्तीलाई जलवायु परिवर्तनले एकपछि अर्को मुक्का प्रहार गरिरहेको छ, जुन प्रहार विश्वले भविष्यमा हरित गृह ग्याँस उत्सर्जनमा कमी ल्याए पनि, अझ भयङ्कर हुँदै जानेछ," युनेपको अनुकूलन ढिलाइसम्बन्धी प्रतिवेदनमा लेखिएको छ। 'अतिकम, अतिढिलो' शीर्षक दिइएको उक्त प्रतिवेदनले जलवायु अनुकूलनका कार्य सुस्त र असफल भएका हुनाले विश्वले तत्काल ती कार्यमा बढोत्तरी गर्न ढिला भइसकेको छ भनी चेतावनी दिएको छ।

त्यस्तै, उत्सर्जनसम्बन्धी प्रतिवदेनले पेरिस सम्झौता अनुसार यस शताब्दीको अन्त्यसम्म विश्व तापमान वृद्धिलाई १.५ डिग्रीमैं कायम राख्ने अर्थात् दुई डिग्रीभन्दा तल सीमित राख्ने देशहरूको प्रयास असफल भई २.८ डिग्रीसम्म बढ्ने कडा चेतावनी दिएको छ। यो आकलन विश्वका विभिन्न राष्ट्रले अवलम्बन गरेका नीतिमा आधारित छ अर्थात् जलवायु परिवर्तन अनुकूलनका अहिलेसम्मका हाम्रा प्रयास र नीति अत्यन्त धिमा र अप्रभावकारी छन्, बढ्दो तापक्रमको मात्र कम गर्ने दिशामा छैनन्। यसका लागि हरितगृह ग्याँसको उत्सर्जनमा भयानक कटौती अत्यावश्यक छ।

जलवायु वित्त पनि उत्तिकै महत्त्वपूर्ण पक्ष हो। युनेप प्रतिवेदनका अनुसार विकासशील राष्ट्रलाई दिइने भनेको अनुकूलन वित्त वाचा गरेकोभन्दा पाँचदेखि १० गुणा कम छ। वाचा पूरा गर्नका लागि हरेक वर्ष विश्वमा १६० देखि ३४० अर्ब अमेरिकी डलर प्रतिवर्ष आवश्यक पर्ने प्रतिवेदनले आकलन गरेको छ।

अतिकम विकसित राष्ट्र नेपाल अर्थतन्त्र र आन्तरिक स्रोत साधनमा कमजोर भएकाले अनुकूलन वित्तका कुरा अर्थपूर्ण छन्। यसका अतिरिक्त युक्रेन–रसिया युद्ध र शक्तिराष्ट्रका फरक–फरक प्रतिक्रियाको पृष्ठभूमिमा भइरहेको छ, यो जलवायु सम्मेलन। विशेषगरी शक्तिराष्ट्र र उदाउँदा अर्थतन्त्रले स्रोतहीन साना र अतिकम विकसित राष्ट्रको सङ्कटलाई कम गर्न कस्तो सहयोगको वाचा गर्छन् र वाचा पूरा गर्ने तत्परता देखाउँछन् कि देखाउँदैनन्, यो उत्तिकै गम्भीर र चासोको विषय हो।

वैश्विक परिवेशमा हेर्दा जलवायु परिवर्तनमा नेपालको नगन्य भूमिका छ तर जलवायु सङ्कटापन्न मुलुकमध्ये अग्रभागमा छ। त्यसैले नेपालले यो विश्वमञ्चलाई सदुपयोग गर्ने सम्बन्धित मन्त्रालयले जनाएको छ। नेपालले पनि जलवायु परिवर्तनसम्बन्धी आफ्ना विभिन्न प्रतिवेदन र राष्ट्रिय अवधारणा पत्र/दस्तावेजमा हानिनोक्सानी, अनुकूलन र यसका लागि चाहिने आर्थिक, प्राविधिक सहयोग जोडदाररूपमा उठाउने भएको छ। कोप–२७ लाई जलवायुजन्य हानिनोक्सानी र साना राष्ट्रलाई विकसित राष्ट्रले दिने सहयोगको वाचा सम्झाउने सुअवसरका रूपमा नेपालले लिएको स्पष्ट छ। नेपालले हिमाली राष्ट्रका साझा समस्याका विषयमा पनि कोप–२७ मा उठाउँदैछ।

यसैबीच, लामो समयसम्म औपचारिक छलफलबाट पन्छाइएको हानिनोक्सानीको विषयलाई यसपटक बृहत् बहस र वार्तापश्चात् कोप–२७ को औपचारिक कार्यसूचीमा राख्न सफल भएकामा नेपाललगायत विभिन्न राष्ट्र, वार्ताकार र जलवायु वकालतकर्ताले खुशी व्यक्त गरेका छन्।

**जलवायु ऐक्यबद्धता सम्झौता प्रस्ताव**

सम्मेलनलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले जलवायु ऐक्यबद्धता सम्झौता प्रस्ताव गरेका छन्। सम्मेलनलाई सम्बोधन गर्दै उनले भने, "हामी ऐतिहासिक घडीमा छौं। यतिखेर जलवायु सङ्कट सामना गर्नका लागि विशेषगरी विकसित र विकासशील राष्ट्रहरूबीच साझा रणनीति र सामूहिक स्रोत सिर्जनाका लागि जलवायु ऐक्यबद्धता सम्झौता आवश्यक छ।"

जलवायु सङ्कटसँग जुध्न महासचिव गुटरेसले भनेझैं विकसित र विकासशील राष्ट्रको विशेष भूमिका आवश्यक छ। उनीहरूले हरितगृह ग्याँस उत्सर्जन कटौतीका लागि गर्ने वाचा र प्रदर्शन गर्ने व्यवहारले नै यो युगको जटिल समस्या कम गर्न सहज हुन्छ।

एकपक्षीय दबाब, प्रभाव र अवाञ्छित प्रतिस्पर्धाभन्दा पनि सहकार्यबाट नै विश्वले सुरक्षित भविष्य तय गर्न सक्ला। त्यसैले यतिखेर व्यावहारिक वाचाको खाँचो छ। विश्वका अनेक राजनीतिक घटनाका बावजूद पनि जलवायु सङ्कट बृहत् छ, सर्वव्यापी छ।

यता नेपालको घरेलु परिवेशमा पनि जलवायु परिवर्तनलाई बहुसरोकारको विषय बनाउनु उत्तिकै जरुरी छ। स्थानीय तहमा जलवायु परिवर्तनसम्बन्धी साक्षरता, सहभागितामूलक अनुकूलन, पारदर्शी शासकीय व्यवहार, परम्परागत असल अभ्यासलाई निरन्तरता र मान्यता, र खर्च गर्ने क्षमताको विकास पनि हाम्रा लागि महत्त्वपूर्ण छन्।

भोलि जलवायु वित्त अन्तर्गत नेपालले आर्थिक सहायता र सुविधाको लाभ लिन पनि यी पक्षलाई गहनरूपमा व्यवहारमा उतार्नुपर्छ।

## फरक समाचार

# रक्सी नपिए पनि हुन सक्छ फ्याटी लिभर

फ्याटी लिभर रोग कलेजोको यस्तो रोग हो, जसमा बोसो वा बोसोको अत्यधिक मात्राका कारण कलेजोमा बोसो जम्मा हुन थाल्छ। कलेजो शरीरको एक महत्त्वपूर्ण अङ्ग हो, जसले रगतमा रहेका अधिकांश रसायनलाई नियन्त्रण गर्छ र पित्तलाई बाहिर निकाल्छ।




यो पित्तको सहयोगले कलेजोमा बन्ने फोहोर पदार्थलाई बाहिर निकाल्न मदत गर्छ। कलेजोले शरीरबाट रगतमा हुने सबै प्रकारका हानिकारक तत्त्वलाई बाहिर निकाल्छ। पेट र आन्द्राबाट निस्कने सबै रगत कलेजो हुँदै जान्छ। कलेजोमा धेरै पोषक तत्त्व भण्डारण गर्ने क्षमता हुन्छ। यसबाहेक यसले शरीरको लागि आवश्यक प्रोटिनहरू बनाउँछ, जसले ऊर्जा बनाउँछ र हामी सबैले आफ्नो काममा यो ऊर्जा प्रयोग गर्छौं। यस्तो महत्त्वपूर्ण अङ्ग भएको कलेजोको एक अतुलनीय गुण छ। अर्थात् कलेजोले आफूलाई आफैं मर्मत गर्छ। तर बोसोको मात्रा धेरै बढ्दा कहिलेकाहीं कलेजोमा फ्याटी लिभर रोग लाग्ने गर्छ। यो घातक हुन सक्छ। फ्याटी लिभर रोगले लिभर सिरोसिस निम्त्याउन सक्छ, जुन घातक हुन्छ।

**फ्याटी लिभर रोग के हो ?**

मेयो क्लिनिकका अनुसार फ्याटी लिभर रोगमा कलेजोमा धेरै बोसो जम्मा हुन्छ, जसले कलेजोको कामलाई असर गर्छ। फ्याटी लिभर रोग दुई प्रकारका हुन्छन्। एउटा अल्कोहोलिक फ्याटी लिभर रोग (AFLD) र अर्को गैरअल्कोहोलिक फ्याटी लिभर रोग (NAFLD)। धेरै रक्सी पिउने मानिसहरूलाई अल्कोहोलिक फ्याटी लिभर रोग हुन सक्छ, जबकि थोरै रक्सी पिउने वा पिउँदै नपिउनेहरूलाई गैरअल्कोहोलिक फ्याटी लिभर रोग हुन सक्छ।

**गैरअल्कोहोलिक फ्याटी लिभर रोगका लक्षण**

यद्यपि शुरूमा NAFLD मा कुनै लक्षणहरू देखिंदैनन्। फ्याटी लिभर रोगले सामान्यतया अत्यधिक थकान निम्त्याउँछ। यसबाहेक पेटको माथिल्लो दाहिने भागमा धेरै दुख्ने र अन्य समस्या हुने गर्छ। फ्याटी लिभर रोग एडभान्स स्टेजमा पुगेमा कलेजो सुन्निन थाल्छ। यसको अर्थ पेटमा असह्य पीडा हुन्छ। यस चरणमा धेरै लक्षण देखा पर्न थाल्छन्। हात वा खुट्टाका नसा बाक्लो देखिन थाल्छ। पेटभित्र पनि प्लीहा ठूलो हुन्छ। हात सधैं रातो देखिन्छ। छाला र आँखा पहेंलो हुन्छ। यसले जन्डिस पनि हुन सक्छ।

**कस्ता मानिसहरू बढी जोखिममा छन्**

फ्याटी लिभर रोगको सही कारण अझै पत्ता लागेको छैन। कलेजोमा बोसो किन जम्मा हुन थाल्छ भन्नेबारे विज्ञहरू अनभिज्ञ छन्। तर केही मानिसहरूलाई फ्याटी लिभर रोगको अधिक सम्भावना हुन्छ। विज्ञहरूका अनुसार कुनै व्यक्तिको तौल बढी भएमा मधुमेह हुन्छ, शरीरमा बोसो बढेको हुन्छ, कोलेस्ट्रोल बढेको हुन्छ, विशेषगरी रगतमा ट्राइग्लिसराइड बढेको हुन्छ, मेटाबोलिक सिन्ड्रोम हुन्छ, महिलालाई पिसिओएस, स्लिप एपनिया, टाइप २ मधुमेह, थाइराइडको खतरा हुन्छ। यस्ता व्यक्तिमा फ्याटी लिभर रोग बढी हुन्छ।

**फ्याटी लिभर रोगबाट कसरी बच्ने**

फ्याटी लिभर रोगबाट बच्न स्वस्थ आहार खानुपर्छ। स्वस्थ आहार भनेको प्राकृतिक चीजहरू जस्तै हरियो सागसब्जी, होल ग्रेन खानु हो। तैलीय चीजहरू, सन्तृप्त चीजहरू त्याग्नुपर्छ। धेरै तेल वा घ्यू भएका चीजहरू खानुहुँदैन। जङ्क फूडबाट बच्नुपर्छ। रक्सी र चुरोटबाट टाढा रहनुपर्छ। नियमित व्यायाम गर्नुपर्छ। यसका साथै यदि तपाईं मोटो हुनुहुन्छ भने पहिले तौल घटाउनुपर्छ।

# चीसोमा न्यानो राख्ने यी १० चीज

जाडोको मौसम आयो। यो मौसममा सबै कुरा मीठो लाग्छ तर यो मौसममा रोगले पनि सताउँछ।



आफ्नो रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउन र मौसमभर स्वस्थ रहन यी १० चीज खानुपर्छ।

**गुड–** जाडोमा चीसो र खोकी लाग्दा शरीरलाई न्यानोपन दिनुपर्ने भएकोले गुडको सेवन गरिन्छ। यदि तपाईंले दैनिक गुडको सेवन गरिरहनुभयो भने तपाईंले चीसोको असरको सामना गर्नुपर्दैन।

**अन्डा–** चीसोको सामना गर्न अन्डा खानु उत्तम विकल्प हो। यसले तपाईंको शरीरलाई चीसोबाट जोगाउँछ, न्यानोपन र पोषण पनि दिन्छ। तपाईं यसलाई कुनै पनि रूपमा उपभोग गर्न सक्नुहुन्छ।

**बेसार–** चिसोबाट बच्न औषधिको रूपमा बेसारको प्रयोग गरिन्छ। बेसारको प्रयोग गरी शरीरमा न्यानोपन कायम राख्न सकिन्छ। यसले एन्टिबायोटिकको रूपमा पनि काम गर्छ।

**लसुन–** लसुन एक उत्कृष्ट एन्टिबायोटिक हुनुका साथै चिसोमा प्रयोग हुने औषधि पनि हो। चीसो दिनमा लसुनको अचार, तरकारीमा यसको प्रयोग गर्न सकिन्छ। यसबाहेक यसलाई काँचो वा भुटेर पनि खान सकिन्छ।

**मेथी–** मेथीबाट बनेको लड्डू वा हलुवा विशेषगरी चीसोमा सेवन गरिन्छ। यसले शरीरमा गर्मी कायम राख्न मदत गर्छ। मेथीको सागको अधिक सेवन गर्नु पनि यी दिनमा फाइदाजनक हुन्छ।

**सुक्खा फलफूल–** सुक्खा फलफूलको सेवन पनि चीसोबाट बच्न निकै उपयोगी साबित हुन्छ। गुड र घ्यूमा मिसाएर लड्डूको रूपमा सेवन गरेमा झन् फाइदाजन हुन्छ।

**मह–** महको सेवन गर्नु फाइदाजनक छ, यो चीसो दिनमा विशेषगरी फाइदाजनक हुन्छ। मनतातो पानीसँग यसको सेवन गर्नाले तौल घटाउन र शरीरमा स्फूर्ति ल्याउन पनि सहयोगी हुन्छ।

**मरीच–** चीसोका दिनहरूमा आफ्नो आहारमा मरीच समावेश गर्नुपर्छ। यसको सेवन सूप, सलाद र स्प्राउट्स मिसाएर गर्न सकिन्छ। यसले खानाको स्वाद पनि बढाउँछ। मरीचलाई रातो खुर्सानीको विकल्पमा पनि प्रयोग गर्न सकिन्छ।

**अदुवा–** चीसो मौसममा अदुवाको सेवनले रोग प्रतिरोधात्मक क्षमता बढाउनुका साथै शरीरमा गर्मी ल्याउन पनि उत्कृष्ट हुन्छ। यसलाई दाल, तरकारी, सूप आदिमा वा अचारमा मिसाएर खाना सकिन्छ।

**गरम मसला–** खानामा थोरै गरम मसलाले स्वाद मात्र बढाउँदैन, चीसोमा शरीरलाई न्यानो पनि दिन्छ, जुन यो मौसममा धेरै महत्त्वपूर्ण हुन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## रूसी सेना फिर्ता भएपछि मात्र वार्ता –युक्रेन

कीभ, २३ कात्तिक/सिन्ह्वा

रूसले युक्रेनबाट आफ्ना सेना फिर्ता गरेपछि मात्र रूससँग वार्ता गरिने जनाएको छ। युक्रेनले पहिलेदेखि राख्दै आएको यो अडान मङ्गलवार पनि पुनः दोहोऱ्याएको छ।


युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलिन्स्की। तस्वीरः सिन्ह्वा

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलिन्स्कीका सल्लाहकार मिखाइलो पोदोलियाकले सो कुराको जानकारी दिएको युक्रेनी मिडियाले जनाएका छन्।

इटालीको एक दैनिक पत्रिका ला रिपब्लिकालाई दिएको अन्तर्वार्तामा उनले सो कुरा बताएका हुन्। उनले युक्रेन रूससँग वार्तामा बस्नका लागि पनि उसका सबै सेनाको फिर्ती पहिलो शर्त हो भनेको युक्रेनी राष्ट्रपतिको प्रेस सचिवालयले जानकारी दिएको छ।

हाल रूसले युक्रेनमा एक प्रकारको युद्धविराम जस्तो गरेको र त्यो युद्धविरामको अवस्था उसले आफ्नो शक्ति थप सञ्चय गर्ने काममा पनि दुरुपयोग गर्न सक्ने भन्दै सल्लाहकार मिखाइलोले यदि रूससँग वार्ता गर्ने हो भने त्यसअगावै उसले आफ्ना सबै सेना युक्रेनबाट फिर्ता गरिसक्नुपर्छ भने।

हालै मात्र युक्रेनका विषयमा संयुक्त राज्य अमेरिका र रूसका रक्षामन्त्रीबीचमा कुराकानी भइरहेको भन्ने समाचारको पनि उनले सो अन्तर्वार्तामा खण्डन गरे।

उनले युक्रेनको विषयलाई लिएर अहिले रूस र कुनै पनि पश्चिमा देशसँग छलफल तथा निर्णय नभएको पनि स्पष्ट गरेका थिए।

उनले युक्रेनको सहभागिता, सहमतिविना युक्रेनका बारेमा कहीं पनि कुनै निर्णय हुन नसक्ने र युक्रेनी जनताले पनि आफ्नाबारेमा अरू कसैले गर्ने निर्णयलाई नमान्ने पनि स्पष्ट गरेका थिए।

गत फेब्रुअरी २४ मा रूसले युक्रेनमाथि आक्रमण गरेको थियो। त्यसपछि मार्च २९ मा टर्कीको इस्तानबुल शहरमा रूस र युक्रेनका बीचमा प्रत्यक्ष वार्ता भएको थियो। त्यसयता यी दुई देशबीचमा प्रत्यक्षरूपमा वार्ता हुन सकेको छैन। रासस

## कोरियामा एकै दिन ६२ हजारभन्दा बढी कोभिड सङ्क्रमित

सोल, २३ कात्तिक/सिन्ह्वा

दक्षिण कोरियामा कोभिड–१९ का सङ्क्रमितको सङ्ख्या बढेको यहाँका स्वास्थ्य अधिकारीले जानकारी दिएका छन्। स्वास्थ्य अधिकारीका अनुसार गएको २४ घण्टायता यहाँ ६२ हजारजना भन्दा बढी सङ्क्रमित भेटिएका छन्।

यहाँ गएको २४ घण्टायता ६२ हजार ४७२ जना सङ्क्रमित थपिएका छन्। अघिल्लो दिन अर्थात् सोमवार यहाँ ६२ हजार २७३ जना रहेकामा मङ्गलवार ती सङ्क्रमित थपिएका हुन्।

यहाँ कोभिड महामारी शुरू भएयता दुई करोड ५९ लाख ८१ हजारजना भन्दा बढी सङ्क्रमित भेटिएका समाचारमा जनाइएको छ।

यहाँको रोग नियन्त्रण तथा निवारण निकायका अनुसार अघिल्लो हप्ताका तुलनामा मङ्गलवार सङ्क्रमित बढेका छन्। अघिल्लो हप्तामा यहाँ बढीमा ५४ हजारमा मात्र सङ्क्रमण देखिएको थियो।


तस्वीरः फाइल

यहाँ पछिल्लो दिनमा ५९ जनाको यही सङ्क्रमणबाट ज्यान गएको छ। दक्षिण कोरियामा अहिलेसम्म कोभिडको सङ्क्रमणबाट ज्यान जाने व्यक्तिको सङ्ख्या २९ हजार ४०० भन्दा बढी रहेको बताइएको छ। रासस

## एम्बुसमा यमनी जनरल मोहम्मद अल–जरादी मारिए

एडेन, २३ कात्तिक/सिन्ह्वा

अज्ञात बन्दुकधारीहरूले यमनको उत्तरपूर्वीमा पर्ने तेलको धनी प्रान्त मारिबमा मङ्गलवार एकजना जनरलको गोली हानी हत्या गरेको एक सुरक्षा अधिकारीले जानकारी दिएका छन्।


आक्रमणमा मारिएका जनरल मोहम्मद अल–जरादी। तस्वीरः सिन्ह्वा

अन्तर्राष्ट्रिय मान्यताप्राप्त यमन सरकारका जनरल मारिएको समाचारमा जनाइएको छ। सरकार नियन्त्रित प्रान्त मारिबमा मास्क लगाएका बन्दुकधारीहरूले आफ्नो स्वचालित राइफलबाट गोली हानेर जनरल मोहम्मद अल–जरादी र उनका अङ्गरक्षकको हत्या गरेको एक अधिकारीले नाम नबताउने शर्तमा जानकारी दिएका छन्।

अल–जरादी शहरमा आफ्नो कार्यबाट फर्कँदै गर्दा बन्दुकधारीले उनलाई बोकेको सैन्य गाडीमा बन्दुक प्रहार गरेको नाम बताउन नचाहने ती अधिकारीले जानकारी दिएका हुन्।

अल–जरादी साउदी अरेबियासमर्थित यमनी सरकारी सेनाका एक वरिष्ठ कमान्डर थिए। उनले व्यक्तिगतरूपमा विगतका वर्षहरूमा हुथी विद्रोहीविरुद्ध ठूलो मात्रामा सैन्य कारबाहीको नेतृत्व गर्दै आएका थिए। आक्रमणकारी गोली चलाएर भाग्न सफल भएका थिए। स्थानीय सुरक्षाबलहरूले हत्याको अनुसन्धान शुरू गरिसकेको अधिकारीहरूले जानकारी दिएका छन्।

तेलको धनी प्रान्त मारिबलाई कब्जामा लिएर साउदी अरेबियासमर्थित यमनी सरकारी सेना र हुथी विद्रोहीबीच बारम्बार भीषण लडाइँ भइरहेका छन्।

यमनमा सन् २०१४ को अन्तमा गृहयुद्ध भड्कियो, जब हुथी समूहले देशको उत्तरी धेरै भागमा आफ्नो नियन्त्रण कायम गऱ्यो र अन्तर्राष्ट्रिय मान्यताप्राप्त सरकारलाई राजधानी सानाबाट बाहिर निकालेको थियो। रासस


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



व्यक्तिगत घटना जस्तैः जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धविच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।

वीरगंज महानगरपालिका कार्यालय



आइसिसी टी–२० वर्ल्डकपको बुधवार सम्पन्न सेमिफाइनल खेलमा पाकिस्तानले न्यूजील्याण्डलाई १५२ रन जवाफमा सात विकेटको अन्तरले म्याच जितेर फाइनलमा प्रवेश गरेपछि खुशियाली मनाउँदै पाकिस्तानी समर्थक। तस्वीरः आइसिसी

### रौतहट क्षेत्र १ मा निर्वाचन.....

१४३ मत प्राप्त गरेका थिए।

स्थानीय युवा नेता अमित ठाकुरले यस क्षेत्रमा चुनावी चहलपहल बढेको र उम्मेदवारहरू मतदातालाई आफ्नो पक्षमा आकर्षित गर्न तल्लीन रहेको बताउँछन्।

स्थानीय तहको चुनावमा व्यक्ति र नजीकैका पायक पर्ने व्यक्तिलाई दिने मत हो भने प्रतिनिधिसभाको निर्वाचनलाई समग्रमा हेरेर जनताले मत दिने उनको भनाइ छ। विद्यार्थी नेता रवि मिश्र स्थानीय तहको निर्वाचनको मतपरिणामले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा खासै अर्थ नराख्ने बताउँछन्।

रौतहट क्षेत्र नं १ (१)का प्रदेशसभा सदस्य उम्मेदवार राजकिशोर यादव नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाका सभापति समेत हुन्।

### निर्वाचन नजीकिएसँगै.....

प्रहरी वरिष्ठ उपरीक्षक पुरुषोत्तम थापाले सशस्त्रको निर्वाचन सुरक्षा बेस स्थापना गरी सादा पोशाक र मोबाइल गस्तीहरू शुरू भइसकेको जानकारी दिए। सीमा क्षेत्रमा समेत आवश्यक निगरानी भइसकेको उनले बताए।

सुरक्षा चुनौतीका आधारमा मतदानस्थलको वर्गीकरण गरी त्यही अनुसारको सुरक्षा रणनीति बनाइएको पनि उनले जानकारी दिए।

**सेनाको यस्तो छ निर्वाचन सुरक्षा**

नेपाली सेनाले यसपटकको निर्वाचनमा कुल ७५ हजार जनशक्ति परिचालन गर्दैछ। त्यसमध्ये आवश्यकताका आधारमा परिचालन हुनेछन्। सबै जनशक्ति परिचालन हुने गरी तयारी अवस्थामा रहेको छ।

विगतको अनुभवका आधारमा एकीकृत सुरक्षा योजना मुताबिक सेनालाई प्राप्त म्यान्डेड अनुसार सबै जिल्लामा सेनाले निगरानी थालेको छ।

जेल, विमानस्थललगायत सशस्त्र प्रहरी र नेपाल प्रहरीले सुरक्षाको जिम्मा लिइरहेको ठाउँमा समेत सेनाले जिम्मा लिइसकेको पनि उनले बताए।

त्यसका साथै मतपत्र छपाइ भण्डारण तथा ढुवानीसम्बन्धी सुरक्षाको जिम्मा सेनाको छ। सेना निर्वाचनको तेस्रो घेरामा रहने सुरक्षा दस्ता हो। त्यसका साथै हवाई निगरानी र बम डिस्पोजको आवश्यक सबै काम सेनाले गर्नुपर्ने भएकाले त्यसको तयारी पनि सबै प्रदेशमा गरिएको प्रवक्ता सिलवालले बताए।

यसअघि रहेको बेसले नभ्याउने ठाउँमा छुट्टै बस खडा गरेर निगरानी बढाएको पनि उनले जानकारी दिए।


नेपाल नागरिक उड्डयन प्राधिकरण
सिमरा नागरिक उड्डयन कार्यालय
सिमरा, बारा

### विमानस्थल क्षेत्रभित्र रहेको जग्गा कृषि प्रयोजनको लागि ठेक्कामा दिनेबारेको बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति २०७९।०७।२२

यस कार्यालयको क्षेत्रभित्र रहेको जग्गाका निम्न प्लटहरू कृषि प्रयोजनको लागि २०७९/०८/०१ देखि लागू हुने गरी ३ (तीन) वर्षको लागि तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही ठेक्कामा दिनुपर्ने भएको हुँदा इच्छुक सङ्घसंस्था, नेपाली नागरिकहरूबाट रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ।

तपसिल

१) इच्छुक सङ्घसंस्था, नेपाली नागरिक वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम रु ३३९।– (तीन सय उनान्चालीस) मूअक फिर्ता नहुने गरी यस कार्यालयको एभरेस्ट बैंक सिमरास्थित खाता नं ००७००१०५०००१५१ मा जम्मा गरेको सक्कल बैंक भौचर बुझाइ, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको सक्कलै प्रति साथमा ल्याइ सोको छायाप्रति र सङ्घसंस्थाको हकमा आधिकारिक फर्म/कम्पनी दर्ता, PAN/VAT दर्ता र अद्यावधिक आव २०७८/७९ को करचुक्ता प्रमाणपत्रको छायाप्रतिसहित साथमा ल्याइ सोको प्रतिलिपिसहित रु १०।– को टिकट टाँसी निवेदन दिएमा यस कार्यालयबाट मिति २०७९।०७।२२ देखि २०७९।०८।०७ सम्म कार्यालय समयभित्र प्राप्त गर्न सकिन्छ।

२) बोलपत्र फाराम मिति २०७९।०८।०७ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनुपर्नेछ। पर्न आएका बोलपत्रहरू सोही दिन दिउँसो ३:०० बजे यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि तथा ठेकेदार प्रतिनिधिको रोहबरमा खोलिनेछ। तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। सो दिन बिदा परेमा भोलिपल्ट बोलपत्र फाराम बुझाइने र खोलिनेछ।

३) बोलपत्र फाराम साथ प्लटहरूको नक्शा संलग्न हुनेछ। बोलपत्र फाराम उल्लिखित दुईवटा प्लटमध्ये प्लट नं १ धावनमार्गको पश्चिमपट्टि चेनलिङ फेन्सिङ गरिएको क्षेत्रफल लगभग ४–१४–४ (चार बिघा चौध कट्ठा चार धुर)को न्यूनतम वार्षिक कबोल अङ्क रु १,२४,०००।– (एक लाख चौबीस हजार) हुनेछ। प्लट नं २ धावनमार्गको पूर्वपट्टि VOR/DME रहेको चेनलिङ फेन्सिङ गरिएको क्षेत्रफल लगभग १२–११–१९ (बाऱ्ह बिघा एघार कट्ठा उन्नाइस धुर) को न्यूनतम वार्षिक कबोल अङ्क रु ४,००,०००।– (चार लाख) हुनेछ।

४) बोलपत्र फाराममा उल्लिखित दुईवटा प्लटमध्ये दुईवटै प्लट वा कुनै एक प्लटको पनि ठेक्का कबोल गर्न सकिनेछ। आफूले कबोल गर्न चाहेको प्लटको छुट्टाछुट्टै दररेट वार्षिकरूपमा स्पष्ट खुल्ने गरी अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

५) बोलपत्र जमानतबापत बोलपत्रदाताले वार्षिक कबुल गर्ने अङ्कको तीन वर्षको लागि पाँच प्रतिशतले हुने रकम यस कार्यालयको एभरेस्ट बैंक लि., सिमरास्थित धरौटी खाता हिनं ००७००१०५०००१५२ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।

६) बोलपत्र कबुल अङ्कमा यति प्रतिशत घटी वा बढी वा अन्य केही कुराको शर्त राखेको वा कैफियत जनाएको बोलपत्र मान्य हुनेछैन। रीत नपुगेको, म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही गरिनेछैन।

७) बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताबाट स्वीकृत कुल ठेक्का अङ्कको २५ प्रतिशतले हुने रकमको नेपाल राष्ट्र बैंकबाट (क) वर्गको इजाजतप्राप्त बैंकको कम्तीमा कबुलियत अवधिभर छ महीना बढी म्याद भएको बैंक जमानत वा कार्यालय धरौटी खाता हिनं ००७००१०५०००१५२ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी सम्झौतापश्चात् चलनपुर्जी दिइनेछ।

८) ठेकेदारले उक्त जग्गामा उखु, मकै जस्ता अग्लाअग्ला बोटबिरुवा हुने बाली तथा गाँजा जस्ता कानूनद्वारा निषेधित बाली लगाउन पाइनेछैन।

९) आफूले सकार गरेको जग्गाको फेन्सिङहरूको रेखदेख तथा मर्मतसम्भार ठेकेदारले आफ्नै खर्चबाट गर्नुपर्नेछ। साथै उक्त क्षेत्रभित्र रहेका उपकरणहरूको रेखदेखसमेत ठेकेदारले गर्नुपर्नेछ।

१०) अन्य विस्तृत जानकारीको लागि एवं प्लट हेर्न चाहनेले कार्यालय समयभित्र सम्पर्क राख्नुपर्नेछ।

११) कबुल गर्ने ठेकेदारले हवाई, उपकरण, जमीनमुनि रहेका तारहरू आदि बचाइ, हवाई उडान अवतरणमा बाधा नपर्ने गरी फेन्सिङ गरिएका जग्गाहरू अनधिकृतरूपमा गाईवस्तु, व्यक्तिहरूको प्रवेश नियन्त्रण गरी विमानस्थल सुरक्षा व्यवस्थामा असर पर्ने खालका कुनै गतिविधि गर्न पाइनेछैन।

१२) नेपाल नागरिक उड्डयन प्राधिकरणको हितलाई ध्यानमा राखी कुनै कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा प्राधिकरणलाई आवश्यक परेमा ठेक्कामा दिइएको जग्गाको बन्दोबस्त रद्द गर्ने अधिकारसमेत यस कार्यालयमा निहित रहनेछ।


१३) यो सूचनामा नपरेका अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ | प्रतीक | जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

## वीउवासङ्घ र भियतनाम चेम्बरबीच एमओयूमा हस्ताक्षर

प्रस, वीरगंज, २३ कात्तिक/

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताको नेतृत्वमा गएको व्यापारिक प्रतिनिधिमण्डलले बुधवार भियतनाम चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका पदाधिकारीहरूसँग भियतनाम चेम्बरको बैठक कक्षमा भेटघाट तथा अन्तर्क्रिया गरेको छ।



तस्वीरः सौजन्य

सोही अवसरमा द्विपक्षीय व्यापार विस्तार, पर्यटन प्रवर्द्धन, आपसी सहयोग र सद्भावको लागि एक सम्झौतापत्र (एमओयू)मा हस्ताक्षर पनि भएको अध्यक्ष गुप्ताले बताए।

सम्झौतापत्रमा वीरगंज उवासङ्घको तर्फबाट अध्यक्ष गुप्ता तथा भियतनाम उवासङ्घको तर्फबाट महानिर्देशक ट्रान न्गोक लिएमले हस्ताक्षर गरेका थिए। सम्झौतापत्रमा दुवै संस्थाले व्यावसायिक गतिविधि, लगानी, प्रविधि हस्तान्तरण, सेवा तथा अन्य आपसी हित हुने व्यावसायिक क्षेत्रको प्रवर्द्धनको लागि सहजीकरण गर्ने उल्लेख छ। सम्झौतापत्रले दुवै देशको उद्योगी र व्यापारी वर्गलाई छलफलका लागि मान्यताप्राप्त मञ्च उपलब्ध गराउन सहयोग गर्ने अध्यक्ष गुप्ताले बताए।

सम्झौता अनुसार दुवै राष्ट्रका व्यापारिक भ्रमण टोलीलाई सक्दो सहयोग गर्ने तथा व्यापारिक प्रदर्शनी, मेला, सेमिनारहरूमा दुवै राष्ट्रले सहभागिता जनाउने र आवश्यकता अनुसार दुवै संस्थाको संयुक्त बैठक गर्ने कुराहरू उल्लेख छन्। यसअघि हिजो वीउवासङ्घ र सिङ्गापुर उवासङ्घबीच एमओयूमा हस्ताक्षर भएको थियो।

वीउवासङ्घ र भियतनाम चेम्बरका उद्योगी–व्यापारीहरूबीचको बैठकले दुवै देशको व्यापारिक सम्बन्धमा अझ नयाँ आयाम थपिएको र भियतनामसँग व्यापार वृद्धि र दुवै देशका उद्यमीहरूको संयुक्त लगानीमा वीरगंजमा नयाँ लगानी भित्र्याउन भेटघाटले उल्लेखनीय भूमिका निर्वाह गर्ने अध्यक्ष गुप्ताले बताए।

नेपालको आर्थिक राजधानीका रूपमा परिचित वीरगंज र भियतनामको आर्थिक केन्द्रका रूपमा पहिचान बनाएको होचिमिन्ह सिटीका चेम्बरबीच भएको स्मृतिपत्रमा हस्ताक्षर र द्विपक्षीय सम्बन्धले वीरगंजलाई अन्तर्राष्ट्रिय बजारमा अझै सघनरूपमा प्रवेश गराउन मदत मिलेको र यस क्षेत्रमा भियतनामी लगानी आउने बाटो सरल बनाएको अध्यक्ष गुप्ताले प्रतिक्रिया दिएका छन्।

उक्त भ्रमण प्रतिनिधिमण्डलमा सङ्घका पूर्वअध्यक्ष गोपाल केडिया, उपाध्यक्ष माधव राजपाल, महासचिव मनोजकुमार दास, सचिव अरविन्द अमात्य, सहकोषाध्यक्ष प्रेमचन्द्र गोयल, सहसचिव अनोज रूँगटा, सुनीलकुमार खेतान, रवीन्द्रकुमार बर्णवाल, मनोजकुमार शर्मा, नरेशकुमार टिबडेवाल, शिवजीप्रसाद साह, मुरली जालान, प्रमोदकुमार चौरसिया, पन्नालालप्रसाद साह, प्रकाश खण्डेलवाल, अङ्कितकुमार खेतान, प्रभात रूँगटा, हरि पन्त, डा लक्ष्मी थापालगायतको सहभागिता छ।

## पर्सेली किसानहरू अगहनी धान भित्र्याउन व्यस्त

नितेश कर्ण, वीरगंज, २३ कात्तिक/

पर्सेली किसानहरू अहिले अगहनी धान भित्र्याउँदै छन्। भदैया धान भित्र्याएका किसानहरूलाई अहिले अगहनी धान भित्र्याउने चटारो छ।


बिक्रीका लागि धान बोरामा राख्दै किसान। तस्वीरः प्रतीक

यसै बखत प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन आएकोले धेरैजसो किसान चुनावमा आकर्षित हुन सकेका छैनन्। कतिपय उम्मेदवारहरू चुनाव प्रचारको क्रममा धान कटानी गरिरहेका किसानसँग मत माग्न खेतमैं पुगिरहेका छन्। अहिले सोना मन्सुली र मोटरी मन्सुली जातका धानहरू भित्र्याउँदै गरेको किसानहरूले बताए।

पर्सागढी नपा–१ भटनीका एकजना किसानले अहिले धान कटानी, दौनीमा सहज भएको बताए। हार्भेस्टरले धान काट्दा दौनी गर्न नपर्ने बताए।

पशु भएकाहरूले बाहेक अहिले यस क्षेत्रका अधिकांश किसानले आफ्नो खेतमा हार्भेस्टर प्रयोग गरेर धान काट्दैछन्।

हार्भेस्टरले धानको बाला काट्दा पराल नबन्ने हुँदा पशुपालन गरेका किसानहरू भने मजदूर लगाएर धानबाली भित्र्याउँदैछन्।

धानबाली भित्र्याएका किसानहरूलाई अहिले धान बिक्रीका लागि बजारसम्म पनि धाउनुपरेको छैन। व्यापारीहरू धान खरीद गर्न खेत र घरसम्म पुग्ने गरेका छन्।

बजारसम्म ल्याइ पुऱ्याएर व्यापारीको मनोमानी दरमा बिक्री गर्दा घाटा हुने तर खेत, घरसम्म आएका व्यापारीसँग मोलमोलाइ गरेर धान बिक्री गर्दा भनेजस्तो मूल्य प्राप्त भएको एकजना किसानले बताए।


### उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ग्रीनसिटीको आयोजनामा निश्शुल्क स्वास्थ्य शिविर

प्रस, वीरगंज, २३ कात्तिक/

ग्रीनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरको आयोजनामा बुधवार निश्शुल्क घुम्ती स्वास्थ्य शिविर सम्पन्न भएको छ।



तस्वीरः सौजन्य

सामुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रीनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगर, वीरगंज सामुदायिक आँखा अस्पताल र प्रभु अस्पतालको संयुक्त आयोजना तथा रूँगटा वेलफेयर सोसाइटीको सहयोगमा आदर्शनगरस्थित चियापसलहरूमा स्वास्थ्य शिविर सञ्चालन गरिएको र निश्शुल्क औषधि वितरण गरिएको ग्रीनसिटीका अध्यक्ष प्रकाश खेतानले बताए।

शिविरमा १३० जना महिला, १७० जना पुरुषको स्वास्थ्य परीक्षण गरिएको र आवश्यक औषधि उपलब्ध गराइएको उनले बताए। खेतानको अध्यक्षतामा भएको घुम्ती शिविरको उद्घाटन जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक गिरीले गरेका थिए।

शिविरमा प्रभु अस्पतालका डा अजय साह, वीरगंज सामुदायिक आँखा अस्पतालका प्रभात चौरसिया, कुसुम मुडभरी, सञ्जीतकुमार साहलगायतले प्राविधिक सहयोग गरेका थिए भने वीरगंज सामुदायिक आँखा अस्पतालका संयोजक महेशसिंह धामी, व्यवस्थित वीरगंज अभियानका संयोजक दिलीपराज कार्कीलगायतको सहभागिता थियो।

## डा मधुको प्रतिबद्धतापत्र सार्वजनिक

प्रस, वीरगंज, २३ कात्तिक/

पर्सा क्षेत्र नं ३ (२)बाट जसपा–एमाले गठबन्धनबाट प्रदेशसभा सदस्यकी उम्मेदवार डा मधु गुप्ता कुर्मीले बुधवार वीरगंजमा कार्यक्रम आयोजना गरी चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेकी छन्।



प्रतिबद्धतापत्र सार्वजनिक गर्दै डा मधुलगायत। तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घ, पर्सामा आयोजित कार्यक्रममा उनले जारी गरेको प्रतिबद्धतापत्रमा अधिकारको आन्दोलनमा शहीद तथा घाइतेप्रति उच्च सम्मान र उनीहरूका परिवारका लागि शिक्षा, रोजगार र जीवनयापनको योजना ल्याइने उल्लेख गरेकी छन्।

सुशासन प्रत्याभूतिलाई शासनको मुख्य आधार बनाउने र त्यसका लागि आवश्यक नीति तथा नियम निर्माणमा सक्रिय रहनेलगायतका कुराहरू प्रतिबद्धतापत्रमा उल्लेख छन्।

शिक्षामा छोरीको समान सहभागिताको लागि छात्रामैत्री शैक्षिक प्रणालीको व्यवस्था मिलाइने र कन्या विद्यालयको स्थापना गरिने, सामुदायिक विद्यालयको स्तरोन्नति र दरबन्दी अनुसार शिक्षक तथा कर्मचारी आपूर्ति गरिने र उच्च माध्यमिक तहसम्म निश्शुल्क शिक्षाको नीतिगत प्रबन्ध मिलाइने पनि उल्लेख छ।

पोखरिया अस्पतालको स्तरोन्नति गरी उपक्षेत्रीय अस्पतालमा रूपान्तरण गरिने, उपस्वास्थ्य चौकीमा दरबन्दी अनुसार जनशक्ति र औषधि उपलब्धता, महिला, बालबालिका र ज्येष्ठ नागरिकलाई स्वास्थ्यमा सहुलियतलाई स्वास्थ्यका आधारको रूपमा अघि सारिने उल्लेख छ।

कार्यक्रममा एमाले केन्द्रीय सदस्य निर्मला देवकोटा, डा मधुका पिता हरिनारायण रौनियारलगायतको सहभागिता थियो।






### रवि लामिछाने सर्लाही.....

"बितेको ३० वर्षदेखि यहाँका बासिन्दाले मतदान गर्दै उम्मेदवार जिताएर पठाए पनि जिल्लाको अवस्था भने जस्ताको त्यस्तै छ," उनको भनाइ थियो। विकास र आमूल परिवर्तनको लागि मङ्सिर ४ गते हुने निर्वाचनमा योग्य र सक्षम उम्मेदवारलाई जिताउनेमा आफू विश्वस्त रहेको लामिछानेले बताए।

कार्यक्रममा सो पार्टीकी नेत्री तथा सर्लाहीबाट प्रतिनिधिसभाको समानुपातिक उम्मेदवार रजिया खातुनलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा उक्त पार्टीलगायत अन्य पार्टीका समर्थक, शुभचिन्तकहरूको पनि उल्लेखनीय सहभागिता थियो। कतिपयले रवि लामिछानेलाई हेर्नकै लागि मात्रै पनि आफूहरू आएको प्रतिक्रिया दिए।

### शीर्ष नेताको वीरगंज.....

सदस्यमा स्वतन्त्र उम्मेदवार अजय द्विवेदीले वीरगंज–१३ राधेमाईमा घरदैलो गरेका छन्। उनले यसपटकको निर्वाचनमा आफूलाई विजयी बनाउन आग्रह गरे।

यसैगरी, वाम लोकतान्त्रिक गठबन्धनबाट पर्सा क्षेत्र नं २ (२)बाट प्रदेशसभा सदस्यका उम्मेदवार रमेश कुर्मीले वीरगंज महानगर–३ र २५ मा कार्यकर्ता भेला गरेका छन्।

बुधवार आयोजित कार्यकर्ता भेलामा उनले वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई विजयी बनाउन कार्यकर्ताहरूलाई निर्देशन दिए।

वाम लोकतान्त्रिक गठबन्धनको नेतृत्वमैं आगामी सरकार बन्न गइरहेको भन्दै उनले गठबन्धनका उम्मेदवारलाई मतदान गराउने वातावरण बनाउन आग्रह गरे।

यसैगरी, आज एमाले–जसपा गठबन्धनबाट पर्सा क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार जसपाका सुरेन्द्र कुर्मी र क्षेत्र नं २ (२) बाट प्रदेशसभा सदस्यका उम्मेदवार एमालेका हरेराम पटेलले वीरगंज महानगर–१ र ३ छपकैयामा घरदैलो गरेका छन्। कुर्मी र पटेलले गठबन्धनका उम्मेदवारहरूलाई विजयी गराउन मतदातासँग आग्रह गरे।

यसैगरी, यही क्षेत्रबाट प्रदेशसभा सदस्यका लागि स्वतन्त्र उम्मेदवार रूपेशमान सिंहले आज वीरगंज महानगर–१९ विन्ध्यवासिनीमा घरदैलो गरेका छन्। विन्ध्यवासिनी, केहुनिया, र दलितबस्तीमा घरदैलो गर्दै उनले स्वतन्त्र उम्मेदवारी दिएको आफूलाई विजयी बनाउन आग्रह गरे।